जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक २२, २०७६ साल असोज ३ गते शुक्रबार, नेपाल संवत् ११३९ (Sept. 20, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

### जोशीलाई 'पृथ्वी प्रज्ञा पुरस्कार'

काठमाडौं । संस्कृतिविद् सत्यमोहन जोशीलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले चार लाख रुपैयाँ राशिको 'पृथ्वी प्रज्ञा पुरस्कार' प्रदान गर्ने भएको छ । यो पुरस्कार प्रत्येक चार-चार वर्षमा प्रदान गरिँदै आएको छ ।

प्रज्ञाले दुई-दुई वर्षमा प्रदान गरिने नेपाल प्रज्ञा सामाजिक शास्त्र, संस्कृति तथा दर्शनशास्त्र पुरस्कार प्रा.डा. त्रिरत्न मानन्धर, नेपाल प्रज्ञा नेपाली भाषा पुरस्कार प्रा.डा. टंकप्रसाद न्यौपानेलाई प्रदान गर्ने निर्णय गरेको छ । पुरस्कारको राशि एक-एक लाख रुपैयाँ रहेको छ ।

### पत्रकार महासंघको आग्रह

काठमाडौं । नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारहरुलाई उपलब्ध गराउन बाँकी पारिश्रमिक तत्काल उपलब्ध गराउन र दशैं पेश्की व्यवस्था गर्न सञ्चार प्रतिष्ठानहरुलाई आग्रह गरेको महासंघका महासचिव रमेश विष्टले जनाएका छन् ।

बैठकले श्रमजीवी पत्रकारहरुका लागि श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउन सञ्चार प्रतिष्ठानहरुमा अनुगमन र दबाब दिने निर्णयसमेत गरेको छ । बैठकले अनुगमन र दबाब दिनका लागि उपाध्यक्ष विपुल पोखरेल र महासचिव रमेश विष्टको संयोजकत्वमा दुई समिति गठन गरेको छ ।

## संविधान 'राम्रो' तर किन हुन सकेन 'हाम्रो' ?

**काठमाडौं । संविधानलाई राष्ट्र, राष्ट्रिय एकता तथा जनताको सार्वभौमिकताको प्रतीक मानिन्छ । संविधान राष्ट्रको सामाजिक, राजनीतिक र आर्थिक दर्पण पनि हो । संविधान कुनै पनि मुलुकको चिनारी र पहिचान हो । संविधानले नै राज्यको शासन प्रणाली निर्धारण गरेको हुन्छ । निर्वाचित जनप्रतिनिधिहरूले बनाइ लागू गरिएको संविधान कुनै पनि मुलुकका लागि लोकतान्त्रिक प्रक्रियाको प्रतिफल मानिन्छ । सामाजिक, भौगोलिक तथा आर्थिक बनावटको विविधताको अनेक आरोह अवरोहको सामना गर्दै संविधानसभाले आठ वर्षको सक्रिय र निरन्तर प्रयासमा २०७२ असोज ३ गते संघीय गणतान्त्रिक नेपालको संविधान जारी गऱ्यो । आफ्नो संविधान आफैंले लेख्ने ६५ वर्षदेखिको नेपाली जनताको चाहना अन्ततः पूरा भयो ।**



नेपाली जनताले इतिहासमा प्रथम पटक पूर्ण रुपले सार्वभौमसत्ता र राजकीय सत्ता आफ्नो हातमा लिएर प्रयोग गरिरहेका छन् । संविधानको प्रस्तावनाको सुरुमा नै हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनता भनेर अन्त्यमा संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं भनिएको छ । धारा २ मा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको छ भनिएको छ ।

वि.सं. २००४ को वैधानिक कानुनबाट सुरु भएको नेपालको संवैधानिक इतिहासमा वर्तमान संविधान छैठौं संविधान भए पनि सार्वभौम नेपाली जनताका तर्फबाट जारी भएको यो पहिलो सर्वोच्च कानुन हो । यसअघि विगतका संविधानमा राजाले 'हामीमा निहित सार्वभौमसत्ता र राजकीय सत्ता प्रयोग गरिबक्सी यो संविधान जारी गरेका छौं भन्ने गर्थे । नेपाली जनता पहिलो पटक सार्वभौम हुनु चानचुने उपलब्धि होइन ।

लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई अंगिकार गरेको संविधानले सात प्रदेशको संघीय संरचना एवं प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचनालाई आत्मसात गरेको छ । संविधान बमोजिम तीनवटै तहका निर्वाचनहरु सम्पन्न हुनुले संविधान कार्यान्वयन तहमा आएर निर्वाचित तीनै तहका जनप्रतिनिधिहरुले आफ्नो कार्यभार बहन गरिरहेको अहिलेको अवस्था छ ।

संविधानले राष्ट्रको परिभाषा गर्दै भनेको छ- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका सबै नेपाली जनता समष्टिमा राष्ट्र हो । राष्ट्र भनेको जनता हो भूगोल मात्र होइन भनेर संविधानले प्रस्ट पारेको छ । नेपाल राज्यको परिभाषा गर्दै संविधानमा - धारा ४) भनिएको छ- नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । यसअघि यसरी प्रस्ट रुपमा नेपाल राष्ट्रको चरित्र निर्धारण गरिएको थिएन ।

संविधानले धारा १६ देखि ४८ सम्म मौलिक हकको व्यवस्था साथै कर्तव्यको पनि सविस्तार उल्लेख गरेको छ । मौलिक हकको कार्यान्वयनका लागि तीन वर्षभित्र कानुन बनाइसक्ने पनि उल्लेख छ । अहिलेसम्म १७ वटा कानुन बनेका छन् तर ती कानुनबाट जनताले परिणाम पाएको भने देखिएको छैन । यति धेरै मौलिक हक उल्लेख गरिएको संविधान संसारमा सायदै अर्को नहोला ।

मानिसको बाँच्न पाउने हकदेखि स्वतन्त्रता, समानता र सञ्चारको हकका साथै नेपालमा कायम रहेका महिला, दलित, विभिन्न जाति, जनजातिमाथिको उत्पीडन र विभेदलाई पूर्ण रुपमा अन्त्य गर्ने भनिएको छ । तर संविधान जारी भएको चार वर्ष पुग्दा समेत महिला, दलित, विभिन्न जातजातिमाथिको भेदभावको सम्बोधन हुन सकेको छैन । मौलिक हककै रुपमा शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारीलाई किटान गरिएको छ । तर जनताका छोराछोरीले न निःशुल्क पढ्न पाएका छन् न त जनताको स्वास्थ्यप्रति सरकार जिम्मेवार देखिएको छ ।

देशमा डेंगो, स्क्रबटाइफस लगायतको महामारी फैलिएर जनता बिरामी पर्दैछन् । **बाँकी ८ पेजमा**

## महाकविको घर अब संग्रहालय

काठमाडौं । मैतीदेवीस्थित महाकवि लक्ष्मीप्रसाद देवकोटाको घरलाई संग्रहालय बनाइने भएको छ । देवकोटाको उक्त जीर्ण अवस्थाको घरको आकार र डिजाइनमा नयाँ भवन निर्माण हुने भएको छ । देवकोटाले जीवनको लामो समय यही घरमा बिताएका मात्र थिएनन् थुप्रै साहित्य सिर्जना समेत गरेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीको अग्रसरतामा कविकुञ्जलाई संग्रहालय निर्माण गर्न लागिएको हो । गत वर्ष लक्ष्मीप्रसाद देवकोटाको ११० औं जन्मजयन्तीका अवसरमा प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित कार्यक्रममा प्रधानमन्त्रीले देवकोटाको घरलाई संग्रहालय बनाउने घोषणा गरेपछि आवश्यक प्रक्रिया अघि बढाइएको हो । जग्गाको मूल्याङ्कन गर्न सरकारले मुआब्जा निर्धारण समिति गठन गरेको थियो । बाह्र आना क्षेत्रफलमा फैलिएको जग्गाको पाँच करोड १२ लाख मूल्यांकन गरिएको छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिमा देवकोटा परिवार, संस्कृति,**बाँकी ८ पेजमा**

## विद्यालयमा राष्ट्रिय बाल दिवस

काठमाडौं । राष्ट्रिय बाल दिवस २०७६ को उपलक्ष्यमा गत भदौ २९ गते तारकेश्वर नगरपालिका ५ गोलढुंगा ७ धारामा अवस्थित एलिगन्ट पर्ल इंग्लिस स्कुलले विद्यालय प्रांगणमा विशेष कार्यक्रमको आयोजना गरी बाल दिवस मनाएको छ । आफ्नो विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहभागी गराई सञ्चालन गरिएको चित्रकला प्रतियोगिता तथा सडक नाटक प्रदर्शनको कार्यक्रममा सहभागी हुन पाउँदा त्यस विद्यालयमा अध्ययनरत बालबालिबाहरु ज्यादै खुसी भएका थिए । कार्यक्रममा दुई चरणमा सञ्चालन गरिएको थियो । प्रथम चरणमा चित्रकला प्रतियोगिता राखिएको थियो जसको शीर्षक 'हामी र हाम्रो बाल अधिकार' रहेको थियो जसमा कक्षा ८ का इन्द्र गुरुङ प्रथम, कक्षा ८ कै पावना बराम द्वितीय भएका थिए भने कक्षा ७ मा अध्ययनरत प्रिया तामाङ तृतीय भएकी थिइन् । अन्य ७ जना विद्यार्थीहरुले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए भने यो कार्यक्रमको संयोजन विद्यालयका शिक्षक नितेन राईले गर्नुभएको थियो । यस्तै दोस्रो चरणमा सडक नाटक प्रदर्शनी गराइएको थियो । सबै बालबालिकालाई माया गरौं, बालबालिकाको संरक्षण गरौं भन्ने सन्देश दिने खालको सो नाटकको शीर्षक

'दोषी को ?' रहेको थियो भने नाटक लेखन तथा निर्देशन सुशील आचार्यले गर्नुभएको थियो । **बाँकी ८ पेजमा**

## अपर कर्णालीमा गम्भीर राष्ट्रघात

काठमाडौं । लागतका दृष्टिकोणले विश्वकै सस्तो जलविद्युत् आयोजनाका रुपमा रहेको अपर कर्णाली जलविद्युत् आयोजना सरकारले गरेको गम्भीर राष्ट्रघातका कारण आर्थिक रुपले टाट उल्टिएको भारतीय कम्पनी जीएमआरले कब्जा गरेर राखेको छ । दुईपल्ट म्याद थप गरेर पनि निर्माण अघि बढाउन नसकेको जीएमआर फेरि म्याद थप गर्ने चलखेल गर्दैछ भने भारत सरकारका ऊर्जा राज्यमन्त्रीले जीएमआरले प्रोजेक्ट गर्न नसकेको खण्डमा पुनः भारतीय कम्पनीलाई नै अपर कर्णाली दिनुपर्छ भनेर नेपाल सरकारलाई सुझाव दिएका छन् ।

यसै सन्दर्भमा अपर कर्णाली जस्तो राम्रो र सस्तो बहुउद्देश्यीय आयोजना नेपाल सरकार र नेपाली जनताको लगानीमा आफैं निर्माण गर्नुपर्छ जिएमआरको म्याद कुनै हालतमा थपिनु हुँदैन भनेर १० वटा राजनीतिक दल तथा संस्थाहरु सडकमा ओर्लिएका छन । भाद्र ३१ गते पानी झरी परिरहेको अवस्थामा झरीको कुनै पर्वाह नगरी माइतीघर मण्डलामा भेला भएका विभिन्न राजनीतिक दलका नेता कार्यकर्ता तथा अभियन्ताहरुले नयाँ बानेश्वरसम्म जुलुस प्रदर्शन गर्दै बानेश्वर एभरेस्ट होटल छेउको सडकमा आमसभा गरेका थिए ।

उक्त सभालाई सम्बोधन गर्दै नेकपा मालेका महासचिव सीपी मैनालीले नेपाललाई अहित हुने गरी जीएमआरलाई सुम्पिएको अपर कर्णाली आयोजनामा दुई चोटि म्याद थपियो अब कुनै हालतमा थप्नु हुँदैन, सम्झौता खारेज गरेर नेपालले आफैं बनाउनुपर्छ भन्नुभयो । उहाँले सस्तो आयोजनाका रुपमा रहेको अपर कर्णालीमा भारतले बिजुलीका साथै सित्तैमा पानी लिने रणनीति लिएकाले नेपालले आफैं आयोजना निर्माण गरेर पश्चिमका तराई तथा पहाडमा सिंचाइ सुविधा पुऱ्याउनुपर्छ भन्नुभयो । अपर कर्णालीमा भएको **बाँकी ८ पेजमा**

## दलका नेतालाई नैतिक दबाब

काठमाडौं । सेना प्रमुख पूर्णचन्द्र थापाले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेर भ्रष्टाचारको माध्यमबाट अकुत सम्पत्ति थुपारेका राजनीतिक दलका नेताहरुमाथि नैतिक दबाब सिर्जना गरिदिएका छन् । प्रधानसेनापति थापाले आफू मातहतका सैन्य अधिकारीहरु समेतलाई सम्पत्ति विवरण सार्वजनिक गरेर नैतिकता र सदाचारको पालना गर्न आग्रह गरेका छन् । यतिमात्र होइन सेनाभित्रको भ्रष्टाचारको क्यान्सरको जड मेटाउने प्रतिबद्धता समेत उनले गरेका छन् । प्रधान सेनापति थापाको भनाइले सेनाभित्र भ्रष्टाचार छ भन्ने यथार्थतालाई भने स्वीकार गरेको छ । सेनाभित्र हुने भ्रष्टाचारबारे बेलाबेलामा छापाहरुमा समाचार आउने गरे पनि त्यसले कुनै अर्थ राख्दैनथ्यो । किनकि सेनाका विषयमा अख्तियार र न्यायालय समेत तटस्थ बस्न रुचाउँथे । सार्वजनिक खरिद ऐन सेनाका हकमा आकर्षित हुँदैनथ्यो । सेनाभित्रको भ्रष्टाचारका बारेमा सरकार जानकार भए पनि चासो प्रकट गर्न समेत हच्किन्थ्यो ।



नेपाली सेनाले राज्यसँग ठेक्का लिएर विभिन्न निर्माण कार्यहरु गर्दै आएको छ । सैनिक कल्याणकारी कोषमा जम्मा भएको अथाह धनराशिले सैनिक मुख्यालयले ठूलठूला आर्थिक कारोबार गर्दै आएको छ । सेनाले व्यापार गर्नु लोकतन्त्रमा राम्रो मानिँदैन । जुन देशमा सैनिकहरुको बोलवाला छ त्यहाँ सेनाले व्यापार गरेको पाइन्छ । इजिप्टमा कलिलो लोकतन्त्रको घाँटी सेनाले निमोठ्नुमा सेनाको व्यापार नै प्रमुख कारण मानिन्छ । निर्वाचित राष्ट्रपति मोहम्मद मोर्सीलाई अपदस्थ गरेर त्यहाँ सेनाले लोकतन्त्रको हत्या गऱ्यो । मोर्सीले सेनाले गर्ने व्यापारमा कडा निगरानी राखेपछि उनलाई सत्ताच्युत गरियो मात्र होइन, षड्यन्त्रपूर्वक उनको इहलीला नै सेनाले समाप्त गऱ्यो । चुनावको नाटक मञ्चन गरेर लोकतन्त्र निमिट्यान्न पार्ने सेनाप्रमुख नै इजिप्टका राष्ट्रपति बनेका छन् ।

पाकिस्तानमा लोकतन्त्रले सेनाकै कारण स्थायित्व पाउन सकेको छैन । त्यहाँको सेना पनि व्यापारमा संलग्न छ । सेनाले पटक पटक 'कु' गरेको कालो इतिहास छ पाकिस्तानसँग । जब त्यहाँ सेनाले कु गर्छ कारण भ्रष्टाचारलाई देखाउने गरेको छ । परबेज मुसर्रफले नवाज सरिफको सरकार अपदस्थ गर्दा भ्रष्टाचारलाई नै कारण बताएका थिए । गत संसदीय निर्वाचनमा पनि सेनाले पुराना राजनीतिक दल र तिनका नेताहरुविरुद्ध भ्रष्टाचारको मुहिम् छेड्यो । जसका कारण सत्तामा पूर्व क्रिकेटर इमरान खानको उदय भयो । अन्तर्राष्ट्रिय पयवेक्षकहरुले निर्वाचन धाँधलीमुक्त नभएको प्रतिक्रिया दिएका थिए । यसको अर्थको पाकिस्तानमा **बाँकी ८ पेजमा**

## घूस लिने दिने दुवै अपराधी हुन्

**गोविन्द विक**

एकजना सेवाग्राही फाइल बोकेर बस्नु भएको थियो । कर्मचारीले भन्दै थिए आवश्यक कागजात पूरा गरेर आउनु तपाइको काम हुन्छ । तर ती सेवाग्राहीसँग अडिटरको प्रमाणपत्र कर चुक्ताको प्रमाणपत्र नै नभएको कुरा कर्मचारीले बताइपछि सेवाग्राहीले सर मेरो काम गरिदिनु चियापानीको व्यवस्था गर्छु भन्दै अपुरो कागजातमा सदर गराएर काम गर्नका लागि कर्मचारीलाई घूस दिन तम्सिरहेका थिए । यो त एउटा प्रतिनिधि घटना मात्र हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आँखा घूस खानेतिर मात्र सोझिरहेका छन् । पछिल्लो समयमा घूस दिनेहरुलाई अख्तियारले धमाधम आफ्नो चंगुलमा पार्दै आइरहेको छ । यो कार्य आफैंमा प्रशंसनीय रहेको कुरामा दुईमत छैन । घूस लिने र दिने दुबै भ्रष्ट्रचारी हुन । अब अख्तियारले घूस दिनेहरुलाई पनि समाउने अभियान चलाउनु पर्छ । आफू प्रक्रिया पूरा नगर्ने अनि कर्मचारीलाई **बाँकी ८ पेजमा**

## दशगजामै भारतीयले बनाए घर

काठमाडौं । दशगजाले नेपाल र भारतको सीमा छुट्ट्याउँछ । रौतहटको दशगजामा घर-पसल बनाइँदा दुई देशको सीमा छुट्ट्याउन हम्मे पर्छ । दुवै देशका नागरिकले दशगजामा घर बनाउने, खेती गर्ने, पशु बाँध्ने, पराल थुपार्ने र पसल थापेका छन् ।

इशनाथ नगरपालिका १ बन्जाराहास्थित दशगजाको बाँधमै भारतीयले फर्निचर पसल थापेका छन् । केही होटल पनि त्यहाँ छन् । गौर, ईशनाथ, राजदेवी, परोहा र बौधीमाई नगरपालिका क्षेत्रभित्र पर्ने करिब ३२ मध्ये झन्डै २४ किमिसम्मको दशगजा क्षेत्रमा स्थानीयले खेती गर्ने र सामान राख्ने गरेका हुन् । **बाँकी ८ पेजमा**


### समय सन्दर्भ

## प्रचण्डको राजनीतिक दाउपेच

**■ पूर्ण ओली**

अहिलेको नेकपाको सरकारले जनताका आधारभूत विषयहरु सम्बोधन गर्नुभन्दा ठूला आयोजनामा र नीतिनियम बनाउन बढी समय खर्चिरहेको छ । जनताका अत्यावश्यक बस्तु पिउने पानी, स्वास्थ्य, शिक्षा तथा रोजगारीमा सर्वसाधारण जनताको लागि कुनै राहत दिन सकेको छैन । राम्रो काम गर्न नसक्ने मन्त्री सचिवलाई कारबाही गर्न सकेको छैन । सरकारी खर्चमा कुनै मितव्ययी नबन्दा माथिदेखि स्थानीय तहसम्म यसको नकारात्मक प्रभाव परिरहेको छ । जसको कारणबाट जनप्रतिनिधिहरु सुविधामुखी हुँदै गइरहेका छन् । त्यहीअनुरुप जनप्रतिनिधि तथा कर्मचारीहरु अझ बढी भ्रष्टाचारमा लिप्त हुंदै गएका छन् ।

प्रचण्ड माओवादीबाट टुक्रिएका विप्लबलाई सरकारले वार्तामा ल्याउन सकेको छैन । यसमा प्रचण्डको ठूलो कमजोरी देखिन्छ । शायद यो उनको भित्री खेल पनि हुनसक्छ । सरकारसँग जनता धेरै निरास हुँदै गएका छन् । केपी ओली सरकारको लोकप्रियता ज्यादै घटिरहेको छ । यसमा सरकारका दलका प्रमुख नेता प्रचण्ड तथा माधवकुमार नेपालको पनि दोष त्यत्तिकै छ । तर प्रचण्ड एउटा डुंगामा प्वाल परिसकेपछि अर्को डुंगामा हामफाल्न सिपालु छन् । त्यसैले उनी विदेशीलाई खुसी पारेर आफ्नो भविष्य सुनिश्चित पार्न सक्छन् । त्यसका लागि उनले जसरी नेपाललाई धर्मनिरपेक्ष बनाउन



सबै दललाई मनाउन सफल भए, त्यसरी नै अब उनले राजा फर्काउन र हिन्दु राष्ट्र फर्काउन कोसिस गर्नेछन् । हामीले सुनेका थियौं माओवादी द्वन्दको समयमा प्रचण्ड राजासँग नजिक हुन चाहन्थे तर बाबुराम भारतसँग नजिक हुन चाहन्थे । यदि त्यो कुरा सत्य थियो भने प्रचण्डले आफ्नो स्वार्थ र जनताको मनोभावना बुझेर हिन्दुराष्ट्र र राजाको समर्थक हुने सम्भावना पनि छ ।

शान्तिपूर्वक जनताका बीचमा बसेर सरकारका काम कारबाही निहालिरहेका राजालाई पूर्वमाओवादी नेता प्रचण्डले केही समय पहिला नागार्जुनबाट हटाइदिन्छु भनी लल्कारे । त्यसको प्रतिक्रियास्वरुप सामाजिक संजालमा प्रशस्तै बिरोध आयो । शायद प्रचण्डले पनि राजावादीको मन जाँच्न खोजेको थियो या यो उनको नयाँ चाल हो बुझ्निसक्नु छ ।

कहिले म हेग पुगेँ भने मेरो झन प्रचार हुनेछ भनेर हौवा बनाउँछन् । कहिले पूर्वराजामाथि अनावश्यक वाककटुता पोखेर चर्चामा **बाँकी ६ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल,
प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक,
प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई,
प्रा.डा. मुकुन्द रञ्जित, श्री युवराज भुसाल, श्री सुष्मा वज्राचार्य,
ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# नेताहरूकै कारण लोकतन्त्रमाथि खतरा

राजा ज्ञानेन्द्रको शाही शासनकालमा तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला भन्ने गर्थे– 'राजदरबार हत्याकाण्डको 'ग्राण्ड डिजाइन' को म पर्दाफास गरिदिन्छु ।' यो तत्कालीन राजदरबारलाई तर्साउने उनको बडो चतुरशैली थियो । २०५८ सालमा दरबार हत्याकाण्ड हुँदा गिरिजा प्रधानमन्त्री थिए । उनलाई साँच्ची नै दरबारमा चलेको गोलीकाण्डबारे केही थाहा छ अब उनले यथार्थता बाहिर ल्याउने छन् भन्ने धेरै मानिसले अपेक्षा नगरेका होइनन् । तर गिरिजाले ग्राण्ड डिजाइन थाहा पाएका थिए वा थिएनन् त्यसबारे नबताई यो धरती छोडे । दरबार हत्याकाण्डमा उनले परोक्ष रूपमा राजा ज्ञानेन्द्रप्रति संकेत गर्दै 'ग्रान्ड डिजाइन' को हौवा खडा गरेका थिए र जनतालाई आन्दोलित हुन ऊर्जा भर्ने चेस्टा गर्थे । कार्यकारी अधिकार समेत आफैंले लिएर शासन गर्न थालेका राजा ज्ञानेन्द्रलाई तर्साउने ग्राण्ड डिजाइनरूपी हतियार विस्तारै आफैं भुत्ते भयो ।

अहिले प्रधानमन्त्री केपी ओलीले लोकतन्त्रमाथि खतरा आउन थालेको र सरकार चुप लागेर नबस्ने भन्दैछन् । लोकतन्त्रमाथि खतरा देखिए सरकार 'एक्सन' मा उत्रिने बताएका छन् । प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रमाथि खतरा आए सरकारले सहँदैन उनी भन्छन् । यस्तै अभिव्यक्ति केही दिनअघि नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि दिएका थिए । गणतन्त्रमाथि खतरा आएकाले प्रतिकारमा उत्रन उनले आफ्ना सुण्ड मुसुण्डहरूलाई निर्देशन समेत दिइसकेका छन् । तर ओली र प्रचण्ड भन्न सक्दैनन् कि लोकतन्त्र र गणतन्त्रमाथि कोबाट खतरा हुँदैछ ? पूर्वराजालाई देशका विभिन्न ठाउँमा घुम्न नदिने भनेर युवासंघका केही नेताहरूले घोषणा गरे । त्यसको जनस्तरबाट व्यापक विरोध भएपछि युवा संघको केन्द्रले केन्द्रको निर्देशनबिना जथाभावी निर्णय नगर्न सुझायो ।

संविधानप्रदत्त देशको एक ठाउँमा निर्वाध रूपले आवतजावत गर्न पाउने नागरिकको अधिकारमाथि बन्देज लगाउने अधिकार नेकपाको भगिनी संगठन युवासंघलाई छैन । ओली र प्रचण्ड के पूर्वराजा ज्ञानेन्द्रसँग आत्तिएर लोकतन्त्रमाथि खतरा देखिरहेका छन् ? पूर्वराजासँग न सेना छ न प्रहरी नै । उनको सुरक्षार्थ राज्यले दिएका सुरक्षाकर्मीबाहेक उनीसँग सत्ता विप्लव गराउन सक्ने कुन शक्ति छ ? सेना, प्रहरी ओली प्रचण्डकै आदेशमा चलिरहेका छन् ।

लोकतन्त्रमाथि खतरा कि त सेनाबाट हुनु पऱ्यो । सेनालाई संविधानले नेपाल सरकारको मातहतमा राखेको छ । सेना सरकारको निर्देशन बाहिर गएर चल्न सक्दैन । एक्ला पूर्वराजाबाट गणतन्त्रमाथि खतरा देख्नु आश्चर्यजनक छ । अर्को खतरा विप्लव नेतृत्वको नेकपा हुन सक्छ । यो पार्टीले संसदीय शासन प्रणाली अस्विकार गर्दै आएको छ । संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद स्थापना गर्ने सो पार्टीले आफ्नो मुख्य उद्देश्य बताएको छ । संसदीय शासन व्यवस्थाको विरूद्धमा एकीकृत जनक्रान्ति गर्ने भनिरहेको विप्लव समूह मात्र सबैभन्दा ठूलो खतरा देखिएको छ । यो बुझेर नै ओली र प्रचण्डले विप्लव समूहको गतिविधिमाथि प्रतिबन्ध लगाएका छन् र व्यापक रूपले उनका नेता कार्यकर्ताहरूलाई धरपकड गर्दै जेलमा बन्दी बनाएका छन् ।

ओली, प्रचण्ड किन जनतालाई प्रस्ट रूपमा भन्न सक्दैनन् लोकतन्त्र यहाँबाट खतरामा छ भनेर । गिरिजाकै ग्राण्ड डिजाइन शैलीमा लोकतन्त्र गणतन्त्रमाथि खतराको हाउगुजी किन देखाइरहेका छन् ? ओली र प्रचण्डलाई राम्ररी थाहा छ अहिलेको लोकतन्त्र र गणतन्त्रले जनतालाई छोएको छैन । लोकतन्त्र दलका नेता र तिनका कार्यकर्ताहरूलाई मात्रै आएको छ । गणतन्त्र आए सबैथोक हुन्छ भनेर जनतालाई जसरी झुक्याइयो र भारतीय खुफिया एजेन्सी रअको निर्देशनमा राजसंस्था फ्याँकियो त्यसैको भूतले नेताहरूलाई तर्साउन थालेको छ ।

नेताहरू विलासी हुनु, जनताप्रति उत्तरदायी नहुनु, भ्रष्टाचार चुलिनु, महँगी बढ्नु, जनताका जनजीविकाका जल्दाबल्दा समस्याहरूको सम्बोधन नहुनु, नागरिक असुरक्षाको अवस्था सिर्जित हुनु जस्ता कारणले जनतामा लोकतान्त्रिक गणतन्त्रप्रति नै वितृष्णा बढ्दैछ । करको मारले थिचिएका जनता एउटा राजाका ठाउँमा सयौं राजा पाल्न विवश छन् । जनता नेताहरूको चर्तिकलासँग अवाक भइरहेका छन् । रेल र पानीजहाजका सपनाले हैरान छन् । हो जनता अहिले मौन छन् तर यो मौनता खतरनाक हुन सक्छ । यो कुरा ओली र प्रचण्डले बुझेका छन् र डराइरहेका छन् सम्भावित जनविद्रोहसँग । लोकतन्त्रमाथि खतरा छ त भ्रष्ट र गैरजिम्मेवार नेताहरूकै गतिविधिबाट । जबसम्म द्रव्य पिशाच नेताहरू सुध्रिंदैनन् लोकतन्त्रले भिरको चिचिण्डोको रूप लिइरहन्छ र ढल्ने खतरा रहिरहन्छ ।

# समाजवादी व्यवस्थामा सार्वजनिक यातायात : अनुभव कोरियाको



**सुरेन्द्र ढकाल**









१० अगष्टकै दिन दिउँसोको खाना खाएपछि हामीलाई प्योङयाङको भूमिगत रेल (सबवे) अवलोकन गर्न लगियो । प्योङयाङ शहरको मुनि मुनि कुद्ने यो द्रुतगतिको रेल संसारकै सबैभन्दा सस्तो र भरपर्दो सार्वजनिक यातायातको साधन रहेछ । एक पटक ५ वोन (नेपाली रु ६) तिरेपछि दिनभर जति चढे पनि हुने यस भूमिगत रेल चोल्लिमादेखि पुहुंग गरी डेडोंग नदीको किनारै किनार र अर्को चाहिँ क्वाङवोक दक्षिण पश्चिम हुँदै उत्तरपूर्व राकवोन स्टेसन गरी दुई रुटमा चल्दो रहेछ । यी दुवैलाई चोनु स्टेसनमा आएर जोडिदा रहेछन् ।

हरेक दिन ३ देखि ७ लाख जनता चढने यो रेलको निर्माण सन १९६५ मा शुरु भई १९६९ मा सम्पन्न भएको र यसको उद्घाटन भने राष्ट्रपति किम इल सुंगले गर्नु भएको रहेछ । सन १९७० सम्म आइपुग्दा १६ वटा स्टेशनको निर्माण सम्पन्न भएको र ठूला दुई स्टेशन पुहुंग र योंगग्वांगको निर्माण भने सन १९८७ मा सम्पन्न भएको रहेछ । यस भूमिगत रेल निर्माण गर्ने क्रममा दुघर्टना भई १०० कामदारको मृत्यु भएको बताइदो रहेछ ।

मेलै सबैभन्दा गहिरो सबवे मस्कोको देखेको थिएँ । झण्डै त्यतिकै गहिराई प्योङयाङको सबवे देख्ने मौका मिल्यो । संसारकै सबैभन्दा गहिराइमा रहेको भनिएको यो सबवेको गहिराई भूमिबाट ११० मिटर मुनि रहेछ। विद्युतीय भऱ्याङबाट तल रेलवेसम्म पुग्न चार मिनेट लाग्ने रहेछ र त्यहाँको तापक्रम वर्षभरि नै १८ डिग्रि सेल्सियस हुने रहेछ । पिक आवरमा हरेक दुई मिनेट र अरु बेला हरेक ५ मिनेटमा रेल स्टेसनमा आइपुग्ने हुँदा यात्रुहरुले धेरै वेर कुर्न पनि नपर्ने हुँदो रहेछ ।

हामीले काठमाडौं शहरमा टेम्पोदेखि लिएर बससम्म गरी थरिथरिका अव्यवस्थित गाडीहरु, त्यसको कारण हुने ट्राफिक जाम अनि धूलो, धूवाँ, ध्वनि प्रदूषण भोगेकाले ब्यवस्थित सार्वजनिक यातायात जस्तो सबवे, ट्राम, ट्रलिवस, बस मिनिवसहरु ब्यवस्थित ढंगबाट चलेको, धूलो धूवाँ ध्वनि प्रदूषण झण्डै शून्यभन्दा हुने र ट्राफिक जाम भनेको देख्न र भोग्नै नपर्ने प्योङयाङ शहर देख्दा कुनै पनि पश्चिम युरोपेली शहरभन्दा बढी स्वच्छ, सस्तो र पर्यावरण मैत्री भएको मैले अनुभव गरे ।



सन १९८९ मा मस्कोको सबवे देखे तापनि भूमिमाथिको सार्वजनिक यातायात त्यति ब्यवस्थित रहेको महसुस भएको थिएन । समाजवादी राज्य ब्यवस्थामा शहरी सार्वजनिक यातायात कतिको सुब्यवस्थित हुंदो रहेछ भन्ने कुराको नमुना नै प्योङयाङ शहरको सार्वजनिक यातायात प्रणालीले प्रस्तुत गरेको रहेछ । सबवे स्टेशनहरुको नाम पनि समाजवादी क्रान्ति सम्पन्न गर्ने क्रममा हासिल भएका कोरियाले हासिल गरेको विजय र उपलब्धिहरु झल्कने किसिमले राखिएको रहेछ ।

# ग्रेटर नेपाल



**जगदीश लामिछाने**
रौतहट, पौराई

यो रचनाको शीर्षक र प्रकाशक साप्ताहिकको नाम यसपटक एउटै परेको छ । अघिल्ला समयमा यो हरफकर्ता वि.स २०५३।५४ देखि ' दिब्य चक्षु' साप्ताहिकको 'विद्रोही स्वर' नामक स्तम्भ लेखमा हिमालपारि तिब्बत चीनसम्म ५ सडक युद्धस्तरमा बनाऔं भनी छाप्दै थियो ।

यो पत्रिकाको प्रकाशक/सम्पादक सुरेन्द्र प्रसाद ढकाल २०४७ देखि नै ग्रेटर नेपालको अभियन्ता हुनाले यो नाम स्वीकृत मात्रै भएको छैन, यस सम्बन्धमा भारत नेपाल दुबैले आफ्नो प्रबुद्ध समूहसमेत गठन गरी सो समूहले संयुक्त भई अन्तिममा एउटै निर्णय गरी तोकिएको समयसीमाभित्रै आफ्नो काम समाप्त गरिसकेका छन् । यसैले पनि यो विषय सजिलो बनिसकेको छ । पहिले अनकनाउने व्यक्ति र संस्थाहरु पनि ग्रेटर नेपालका समर्थक हुँ भन्न थालेका छन् । यो शीर्षकको पहिलो पुष्प २०७१।९।११ मा र र दोस्रो पनि त्यतैतिर लेखिएको हो । तेस्रो पुष्पमा ब्यापक छलफल गर्नेहरुका कुरासहित पस्किन पाएको विशेषज्ञहरुको सहयोग भएर नै हो ।

यतिमात्रै होइन भारतलाई सजिलोको लागि गोरक्षा र गोर्खालैण्ड २०७१ चैत्र २०, २०७१ फागुन २१, २०७३ भदौ १७ र २०७४ भदौमा कारण समेत दिएको यसै पत्रिकामै छ । तर पनि सकारात्मकता नदेखिएको स्मरणीय नै छ । यही शीर्षक २०७४ भदौ १६ मा छापिएकै छ । अहिले भारत र चीन दुवैले काठमाण्डौ छुने गरी रेल ल्याउने कुरा गर्दैछन् ।

नेपालको आफनै पूर्व पश्चिम रेलको चटारो निजगढ, हेटौंडा आदि भएर सबै क्षेत्रमा रहेको सबै नेपालीलाई थाहै छ । यस बखत यस्तो विजोकको खुला आवतजावत भारतसँग राख्दा कुनै हालतमा नेपाल भारत दुवैलाई सहज हुने छैन । उत्तरी चीनले पनि यस्तै खुला सिमाना चाहन बेर लगाउँदैन । यसैले उत्तर दक्षिण जसको यान भए पनि सिमानामै रोकेर नेपाली हित अनुकुल छ, छैन जाँच्नु पर्दछ । यसैले २०७४भदौ १६ मा ब्यापक छलफलसहित लेखिएकै हो ।

अहिले पनि कसैले नेपाली हितबारे वचाउ नै गरे, कोही दच्किए र यसै बीच ६४ वर्षको उमेरमा २०७५ असार ४ गते दिवंगत हुनुभएका न्यूरो सर्जन डा. उपेन्द्र देवकोटाको अप्रकाशित २०७३।१२।१४ को अन्तवार्ता २०७५।३।९ मा प्रकाशित भयो । त्यसमा २०५८।२।१९ को नारायणहिटी हत्याकाण्डकर्ता पहिलो माओवादी, दोस्रो सेना र तेस्रो इण्डिया संकेत गरेको देखिदा पूर्वराजा ज्ञानेन्द्रलाई पनि नेपाली राजनीतिमा समावेश गरे वेश हुने थियो । अहिले पुनरुत्थिने भए पनि उक्त भदौ १६ को प्रसंग र त्यस्मा उठेको टिप्पणी समाधान पेश गरिन्छ ।

कुनैमा पनि भारत चीनको विरोध होइन आफ्ना हक र मर्का मात्र उठाइन्छ । हाम्रा राजनीतिक दलहरुले अब त दोधारमा नपरी नेपाल चीन र भारत समेतले ग्रेटर नेपाल खडा गरौं भन्नुपर्ने हो । लाखौं हस्ताक्षर, सप्रमाण प्रतिवेदनसहित संसदमा बुझाएको र पूर्व समर्थन २०४७ को नेपालको संविधानमा पनि सांकेतिक छदै थियो । तलवजिवी संसद किन चुप छ ? त्यहाँ भारत र चीन दुवैले नेपाल बराबर बाँडेर खाउला भन्ने तत्व घुसेको छ कि भन्ने शंका उठन लागेको छ । नत्र हाम्रै राष्ट्रपतिले सार्वभौम हक भएको कोशीबाँधको ढोका खोल्ने साँचो किन नेपालसंग छैन भनी साधिकार आफ्नो प्रधानमन्त्रीसँग सल्लाह गरेको २०७४ को तराईको बाढीपिडित सम्बन्धमा सुन्नुपर्ने थिएन ।

अब त हाम्रै छिमेकी चीन भारत तथा नेपालकै सुरक्षाको लागि नेपालमा चीनको रेल भित्रिदा नेपालको साधिकार ब्यवहार नेपालमै र भारतको रेलमोटर जे भित्रिन्छ नेपालको अधिकार हुने गरी हाम्रो ई.स १८१५ अघिको ग्रेटर नेपाल बेलायतबाट छोडिएको एक इन्च जग्गा पनि भारतमा रहन पाउँदैन । बरु सबैको भलो हुने गरी ब्यवस्था गरौं भन्नुपर्ने बेला भयो ।

पाकिस्तानको हवाईजहाज समेतलाई इन्दिरा गान्धीले भारतकै आकाश भएर उड्न पाउँदैन भनी भारतले रोक लगाएपछि पूर्वी पाकिस्तान बंगलादेश भएको सबैलाई थाहा छ । हामीले त यो क्षेत्रमा सबै मिलेर सबैको रक्षार्थ ग्रेटर नेपालबारे भन्दा थाहा नभए जस्तो नगरौं भनेका हौं । जुन बेला सिक्किम भारतले आफूमा गाभेको थियो त्यसै बेला चतुर पातालपुरीका कुटनीतिज्ञ हेनरी किसिञ्जरले अब नेपालको पालो भनी अमेरिकामै भनेको पनि पाठक आफैंले उस बेला पढनु भएकै हुनुपर्दछ ।

ई.सं. १९५१।५२ मा एउटा लुकुवा मान्छेमार्फत युवराज महेन्द्रले चीन पठाएको पत्र र बेलाबेलाको अन्य पत्र र मान्छेमार्फत चीनको जवाफ जसरी नेपाल र चीनको वर्तमान युग प्रवर्तक आधार हुन गए त्यसै गरी अरनिको तथा महेन्द्र राजमार्ग पनि नेपालका दुई आधारस्तम्भ नै हुन् ।

# चाडको मुखमा सवारी दुर्घटनाको श्रृङखला


चाडबाड नजिकिदै जाँदा सवारी यातायात दुर्घटनाका समाचारहरु लगातार बाहिर आउन थालेका छन् । वर्षेनी चाडबाडको मुखमा यातायात दुर्घटनामा हजारौ यात्रुहरुहरुले मृत्युवरण गर्ने घटना फेरी दोहोरिन थालेको छ । विशेषगरी लामोदुरीका सवारी दुर्घटनामा पर्ने गरेका छन । चालकको लापरवाही र यातयात व्यवसायिसँगको अव्यव्यस्थित व्यवस्थापनका कारणले यात्रुवाहक सवारी दुर्घटना हुने गरेको तथ्यहरु बाहिर आइरहेका छन ।

हालसम्म नयाँ पूराना तथ्य अनुसार २०४५ यता २६९ वटा यात्रुवाहक वस दुर्घटनामा परेका छन् । तर पनि यसको न्यूनिकरणका लागि सम्बन्धित निकाय डटेर लागेको पाइदैन । यसमा सरकार रमिते बन्ने अनि यातायात व्यवसयि कम्पनीहरु गैरजिम्मेवार बनिरहने अवस्था हुने हो भने यसरी नै हजारौ यात्रुहरुले अकालमा जीवन त्याग्ने अवस्थाको अन्त्य कहिलै पनि हुँदैन । लामो दुरीका सावरी दुर्घटना बढेपछि सम्बन्धित पक्षले यसबाट पाठ सिकेर आगामी दिनमा रणनैतिक योजना बनाउनु पर्ने हो ।

विशेषगरी लामोदुरीका सवारी साधन चलाउँदा जोखिम विश्लेषण गर्नुपर्दछ । ठाउठाउमा प्रहरीको कडा चेकिङ हुनुपर्छ । कुनैपनि वाहानामा प्रहरीले गलत तरिकाबाट चलेको सवारीलाई छुट दिनु हुन्न । यदि लामोदुरीका सवारीमा एउटै चालक राखेको, चालकले मादक पदार्थ सेवन गरेको क्षमता भन्दा बढी यात्रु बोकेको कुरा पत्ता लगाउन प्रहरीले ट्र्याकिङ सिस्टमको व्यवस्था गर्नुपर्छ र त्यस प्रकृतिका सवारीलाई तुरुन्तै कडा भन्दा कडा कारवाही गर्नुपर्छ । कुन बसले कहाँ बाट छुटेको र कती यात्रु बोकेको छ र चालकको अवस्था कस्तो छ ? आदि कुराको निगारानी कडाइका साथ गर्नुपर्छ । यदि नाइट बसको चालक भए उसले दिउसो सुत्न पाएको छ की छैन ? यसलाई पनि क्रस चेक गर्नुपर्छ । किनभने विहानीपखको समयमा चालक निदाएर त्रिसुलीमा वस खसेको दर्दनाक घटनाहरु समाचार बनिराखेका छन । चालकले मादक पदार्थ सेवन गरेमा प्रहरीलाई गोप्य रुपमा खवर गर्ने यदि चालक फेरियो की फेरिएन भन्ने कुरामा पनि यात्रुहरुले ध्यान दिनुपर्छ । यदि एउटै चालक छ भने त्यस्तो वसमा यात्रा नगर्ने सबैजना एक भएर वसलाई अभोइड गर्ने या प्रहरीमा खबर गर्ने कुरामा चनाखो हुनुपर्ने समय आएको छ । प्रहरीले समान्य चेक गर्ने अनि सब ठिक छ भनेर छोडी दिने गर्नु हुदैन । सवारी दुर्घटनाका श्रृङखला बन्द गर्नका लागि सबै पक्ष आ आफनो ठाउबाट जिम्मेवार हुन जरुरी छ । विशेषगरी प्रहरीले निगारानी गरेर लापरवाही तथा हेल्चेक्रयाइँ गर्ने पक्षलाई कडा रुपमा कानुनको दायरामा ल्याएर गल्ती नदोहोऱ्याउने वातावरण तयार गर्न आवश्यक छ । नत्र लामोदुरीका सवारीमा यात्रा गर्ने आम नागारिकलाई दुर्भाग्य बनिरहने देखिन्छ । यसैले सबै सरोकारवाला पक्ष चनाखो भएर सवारी दुर्घटना न्यूनिकरणमा ठोस भूमिका खेल्नुपर्ने समय आएको छ ।

# मैले देखेको एक सय तेह्रौं विश्व प्राकृतिक सम्पदा:
# नेपालको गोसाइकुण्ड (१)

सुरेन्द्र ढकाल



हामीले पार गरेको गोसाइकुण्ड ट्रेकिङ रूट


आआफ्नो रूक्सेक र लौरोसहित गाउँहरू छिचोल्दै सुरेन्द्र र भाल्टर


बाटामा परेका तामाङ बस्तीहरू


बाटोमा भेटिएका ससाना रेस्टुराँमा नेपाली बियर र जर्मन भुर्ष्ट खाँदै


बाटोमा देखिने लाक्पा दोर्जे शिखर


कुटुमसाङबाट देखिने सूर्योदयको दृश्य


थारेपाटी र घोप्टेबीचको आइसफल पार गर्दै सुरेन्द्र

जर्मनीको दुई वर्षको स्नातकोत्तर अध्ययन पूरा गरी म १९९० को मे महिनामा नेपाल फर्कें। जर्मनीमा बस्दा मेरा गेस्ट फेमेलीहरुसँग मेरो ज्यादै घनिष्टता बढेको थियो। त्यही कारण मैले मेरी आमा र सानीमा (आमाको बहिनी) लाई जर्मनी लगेर १ महिनासम्म घुमाउन सकेको थिएँ। ती सबै गुणको मैले यथोचित कदर गर्दै मेरा जर्मन गेस्ट फेमेलीहरुलाई क्रमशः नेपाल भ्रमण गर्ने निम्तो दिएको थियो। त्यसैको फलस्वरुप मेरो गेस्ट फेमेली जो पर्वतारोहणमा खुबै चाख राख्थे। उनको नाम भाल्टर स्वार्च्ज थियो। उनी मे महिनाको अन्तमा आफ्ना अर्का मित्र हाइनरिखलाई लिएर गोसाइकुण्ड हिमाल आरोहण गर्न काठमाण्डौ आए। मैले उनीहरुलाई मेरो सानीमाको घर चावहिल मैजुबहालमा बस्ने बन्दोबस्त मिलाएको थिएँ। पहिलो तीन दिन काठमाडौं उपत्यकाको तीन शहर अवलोकन गराई चौथो दिन याने मे महिनाको २५ तारिखतिर हामी काठमाडौंबाट ट्रेकिङ गर्दै गोसाइकुण्डतिर लाग्यौं।

पहिलो दिन

त्यो दिन बिहान हामी टेक्सी लिएर सुन्दरीजल बजार पुग्दा बिहानको ८:४५ भएको थियो। आआफ्ना रुकसेक (ट्रेकिङ गर्दा प्रयोग गर्ने झोला) र लौरो बोकेर हामी उकालो लाग्यौं। त्यो दिनको हाम्रो गन्तब्य भनेको पाटी भञ्ज्याङसम्म मात्रै थियो। करिब ४५ मिनेट उकालो लागेपछि हामी पानीपोखरी पुग्यौं। त्यहाँ सानो बाँध बनाइ पोखरी बनाएको रहेछ। त्यहीको पानीपाइपबाट काठमाडौंको जनतालाई पिउन भनेर लगिएको रहेछ। बाँधमाथिको पुल तरेर हामी पुनः १० मिनेट उकालो चढेपछि मूलखर्क पुग्यौं। मूल खर्कमा पुगेर हामीले त्यहाँको रेस्टुराँमा एक एक कप दूध चिया पियौं। दश मिनेट जति थकाइ मारेर हामी पुनः उकालो लाग्यौं। केही बेर चढदै, सुस्ताउँदै, थकाइ मार्दै तामाङको बस्तीहरु उछिन्दै हामी वोर्लाग लेक पुग्दा १२ बजेको थियो। रेस्टुराँ भेट्दा दूध चिया खान हामी चुक्दैनथ्यौं। वोर्लांगको फराकिलो मैदानबाट तल काठमाडौं उपत्यका निकै सुन्दर देखिन्थ्यो। १९९० को काठमाडौं अहिलेको जस्तो धूँवाबाट प्रदूषित नहुँदा स्वच्छ देखिन्थ्यो।

वोर्लागमा केहीवेर बसी हामी पुनः उकालो लाग्यौं। लालीगुराँस लटरम्म फुलेका पहाडको सौन्दर्यपान गर्दै करिब एक घण्टाको उकालोपश्चात हामी चिसापानी झर्ने भञ्ज्याङमा पुग्यौं। त्यहाँको उचाइ २२०० मिटर जति रहेछ। भञ्ज्याङबाट तल चिसापानीको मनोहर दृश्य र पृष्ठभूमिमा अति लाङटाङ हिमश्रृंखला र लाक्पादोर्जे हिमाल देखिन्थ्यो। भञ्ज्याङबाट आधा घण्टा ओर्लेपछि हामी चिसापानी पुग्यौं। चिसापानी आफैं छोटो ट्रेकिङ रुटमा पर्ने हुँदा त्यहाँ पर्यटकहरुको लागि होटल र रेस्टुराँ रहेछन। हामी त्यहाँ पुग्दा दिनको १:३० बजेको थियो। त्यहाँ हामीले नेपाली दाल भात खायौं। करिब एक घण्टा त्यहाँ बिताइ हामी हाम्रो पहिलो दिनको गन्तब्य पाटीभञ्ज्याङतिर पुनः ओरालो लाग्यौं। एक घण्टा ओर्लेपछि हामी ३:३० बजेतिर पाटी भञ्ज्याङ पुगी हाम्रो रुकसेक बिसायौं। त्यहाँको एक लजमा कोठा लिई पहिलो दिनको रात त्यहीं बितायौं।

दोस्रो दिन

बिहान ६ बजेतिरै हामी उठ्यौं। गहुँको मुस्ली र दूध ब्रेकफास्टको रुपमा खाइ हामी ७ बजे कुटुमसाङलाई आफ्नो दोस्रो दिनको गन्तब्य बनाइ विस्तारै पुनः उकालो लाग्यौं। तामाङहरुका वस्तीहरु क्रमशः पातलो हुँदै गएको थियो। लालीगुराँस कडा रातोबाट विस्तारै फिक्का रातोमा परिणत हुँदै गएको थियो। थकाइ मेटदै, हिँडदै, बीचबीचमा दूधको चिया खाँदै हामी १२:३० बजेतिर घुल भञ्ज्याङ आइपुग्यौं। त्यहाँ हामीले फेरि दाल भात खायौं।


केही समय त्यहाँ बिताइ हामी पुनः उकालो लाग्यौं। जति माथि चढयो उति फुसले छाएका घरहरु पातला हुँदै गएका थिए। हाम्रो हिँडाइ विस्तारै अघि बढी नै रहेको थियो। त्यसरी हिँड्दै जाँदा हामी ४ बजे कुटुमसाङ पुगी एक लजमा कोठा लिइ सुस्तायौं। कुटुमसाङ २४३६ मिटरको उचाइमा रहेको, कुनै टिनले कुनै फुसले छाएको १२।१५ घरहरु भएको सानो बस्ती रहेछ।

तेस्रो दिन

त्यो दिन त्यहाँबाट देखिने सूर्योदय अवलोकन गरी कोदोको रोटी (प्यान केक) र चिया खाइ हामी बिहानको ७ बजे हाम्रो यात्रालाई निरन्तरता दियौं। त्यो दिनको हाम्रो गन्तब्य भनेको घोप्टे थियो। उचाइ चुलिँदै जाँदा हामी धुपीका जंगल भित्रभित्रै हिँड्दै, प्रकृतिको सुन्दरता, मनोरम दृश्य, सफा पानीका सासाना खोला तर्दै दिनको १:३० बज्दा हामी थारेपाटी पुग्यौं। ३५९७ मिटरको उचाइमा रहेको थारेपाटीमा हामीले जर्मन खाना भुर्ष्ट र नेपाली बियर खायौं। केही बेर थकाइ मेटाइ घोप्टेलाई आफ्नो लक्ष्य बनाउँदै हामी पुनः तेर्सो खाले उकालो लाग्यौं। खोल्चाहरुमा पग्लन बाँकी रहेका हिँउहरु देखिन थालेका थिए। रुखहरु विस्तारै पातलो हुँदै गएको, फाटफुट्ट सेता गुराँस फुलेका रुखहरु अवलोकन गर्दै हामी एउटा ठूलो आइसफल पार गर्दै बेलुकीको ४ बज्दा घोप्टे पुग्यौं। त्यहाँ एउटामात्रै लज रहेछ र सबैजना भूइँमा लहरै सुत्नुपर्ने रहेछ। सुकुलमाथि आआफ्ना स्लिपिङ ब्याग बिछ्याई हामी सुस्तायौं। चिसो बढेको थियो। केही समयपश्चात बाहिर आगो बल्यौ। हामी आगोको वरिपरि झुम्मियौं। त्यहीँ दाल भात खायौं र सुत्न गयौं।

Remember us for the Construction
of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

# २०१५ सालको संसदीय आम निर्वाचन-२




■ शम्भुराम श्रेष्ठ

संसदीय अभ्यासमा हामीहरु विल्कुलै नोभिस अर्थात् अनुभवहीन थियौं । तर यसको अर्थ हामीहरु मात्रै अनुभवहीन थियौं र नेपाली कांग्रेस तथा गोर्खा परिषद्का र राजाबाट मनोनित सांसदहरु पोख्त थिए भन्ने कदापि होइन । उनीहरु पनि हामीहरु जस्तै अनुभवहीन नै थिए सायद त्यही कारणले नै भारतको नेहरु सरकारले नेपाली कांग्रेसको सरकारलाई गाइड गर्न भारतको केन्द्रीय संसदीय एवं न्याय मन्त्रालयका सचिवलाई काठमाडौंमा खटाइ पठाएको थियो होला ।

संसदको पहिलो सत्र सुरु भएदेखि नै मैले पार्टीका पोलिटब्युरो र केन्द्रीय कमिटीमा हामीहरुले संसदमा खेल्नुपर्ने भूमिकाबारे ठोस नीति अपनाउनुको साथसाथै पार्टी सांसदहरुलाई दैनिक कार्यमा सघाउने स्थायी व्यवस्था गर्नु अत्यावश्यक छ भनी कैयौं पटक कुरा उठाएं । हरेक पटक मैले उठाएका कुराहरुको कामरेडहरु समर्थन गर्थे तर कहिल्यै ठोस निर्णय गरेनन् । यसलाई के भन्ने ? केन्द्रीय नेतृत्वको अयोग्यता भन्ने अथवा अरु नै ? जे होस् पार्टीका ती दुइटै केन्द्रीय नेतृत्वदायी कमिटीहरुको अकर्मण्यताले गर्दा हामीहरुले आआफ्नो व्यक्तिगत जिम्मेवारीमा आआफ्नै बुद्धि र विवेकले संसदमा भूमिका खेल्न बाध्य हुनुपऱ्यो । भनाइका तात्पर्य के हो भने संसदीय संघर्षमा पार्टी केन्द्रको कहिल्यै नेतृत्व अथवा भूमिका रहेन ।

संसदको पहिलो सत्रमै कांग्रेसी अर्थात् बीपी सरकारले सामन्ती अवशेषको रुपमा रहिरहेका विर्ता प्रथा र बाइसे राजा रजौटा प्रथालाई उन्मूलन गर्ने विधेयक ल्यायो । आंशिक सुधारकै रुपमा ल्याइएको भए तापनि ती विधेयकहरु पारित भएपछि जग्गा जमिनबाट हुने राजस्व संकलनमा एकरुपता आयो । यस दृष्टिकोणले यो एउटा राम्रै काम भएको थियो । तर नेपाली कांग्रेस र त्यसको सरकारले ती विधेयकहरु सामन्ती व्यवस्थालाई उन्मूलन गर्नका लागि ल्याइएको भनी आफ्नो मेडियामार्फत प्रचार जो गऱ्यो, त्यो वस्तुतः झूटा प्रचार मात्रै थियो । किनभने विर्ता तथा बाइसे राजारजौटा प्रथाको उन्मूलनले राजा रजौटाहरु र विर्तावालाहरुको भूस्वामित्वमा कुनै नकारात्मक असर पारेन र जमिनमाथिको तिनीहरुको स्वामित्व यथावत कायम राखिएको थियो । संसदको पहिलो सत्र सकिने बित्तिकै प्रधानमन्त्री बीपी कोइरालाको नेतृत्वमा गणेशमान पनि सम्मिलित भएको मैत्री प्रतिनिधिमण्डल चिनियाँ प्रधानमन्त्री चाउ एन लाइको निमन्त्रणामा चीन गयो । सोही प्रतिनिधिमण्डलको भ्रमणकै दौरानमा नेपाल र चीनबीचको सिमाना जल प्रवाह र पर्वतको चुचुरोमध्ये अनुकूल हुने जुनै एकको आधारमा रेखाङ्कन गर्ने गरी सिमाना सन्धिमा नेपालको तर्फबाट बीपी कोइरालाले र चीनको तर्फबाट चाउ एन लाइले हस्ताक्षर गरेका रहेछन् । सो अनुसार सगरमाथा सम्पूर्ण हिमाल पर्वतमालाकै सबभन्दा उच्च शिखर भएको हुँदा त्यसकै आधारमा त्यस क्षेत्रको सिमाना रेखांकित गरिएको कुरा सन्धिपत्रमा उल्लेख पनि गरिएको रहेछ । सगरमाथाबाटै नेपाल चीन सिमाना पास हुने भएको कारणले पेकिङमा अध्यक्ष माओत्सेतुङसंग नेपाली प्रतिनिधिमण्डलको भेटवार्ता हुँदा अध्यक्ष माओले नेपाली प्रतिनिधिमण्डललाई 'सगरमाथालाई मैत्री शिखर नामाकरण गर्नु उपयुक्त हुन्छ' भन्ने सुझाव दिनुभएको र त्यसलाई तुरुन्तै त्यही नै बीपी कोइरालाले समर्थन पनि गरेका रहेछन । यी कुराहरु प्रतिनिधिमण्डल स्वदेश फर्किने बित्तिकै सार्वजनिक गर्नुपर्थ्यो । त्यसो त गरिएन, झन् उल्टै कोइराला सरकार र कांग्रेसी नेतृत्वले नेपालको सगरमाथा चीनको हो' भनी अध्यक्ष माओले दाबी गर्नुभयो भनेर सरकारी र कांग्रेसी मिडियाहरुद्वारा लगातार प्रचार गराई चीनविरुद्ध नेपाली जनतालाई भड्काउन थाले । झूटको लामो आयु हुँदैन भन्छन् । केही समयपछि नै कांग्रेसी सरकार र पार्टीको झूट प्रचार उदांगियो ।

उक्त प्रतिनिधिमण्डल चीनबाट फर्किएको केही दिनपछि कोइराला सरकारले (बीपी कोइराला स्वयंले) चाहेर हो अथवा लुकाउन नसकी बाध्य भएर हो, संसदको जानकारीको लागि प्रतिनिधिसभा र महासभामा नेपाल चीन सिमाना निर्धारण सन्धि पेश गरे र त्यसै क्रममा 'सगरमाथा चीनको हो' भनेर अध्यक्ष माओले दाबी गर्नुभयो भन्ने कुरा पनि उल्लेख गर्न छाडेनन् भने । अनि मैले जुरुक्क उठेर भनें- 'तपाईले भन्नुभयो, मैले सुनें ।

यत्तिमै तपाईले भनेको कुरालाई सदनले विश्वास गर्न र मान्न मिल्दैन । नेपाल र चीन बीचको सिमा रेखा - अर्थात् पुरानो पहिलेदेखिको) समावेश भएको मानचित्र सदनमा पेश गर्नोस् । अनिमात्रै हालसालै हस्ताक्षर गरिएको नेपाल चीन सिमाना सन्धि पहिलेकै अनुसार भएको हो वा होइन र नेपालको हितमा भएको हो होइन र अध्यक्ष माओले 'सगरमाथा चीनको' भनी दाब? गर्नुभयो भनी भनिएको कुराबारे पनि हामीले आफ्नो विचार दिन सक्छौं ।' भनी मैले भनें । अनि प्रधानमन्त्री कोइरालाले मेरो प्रश्नको उत्तरमा भने- श्री ५ को सरकारसँग त्यस्तो मानचित्र छैन ।' प्रधानमन्त्रीको त्यो उत्तरले सिंगो सदनमै हाँसोको लहर उठायो । त्यसको केही दिनपछि नेपालको नामी इतिहासकार बाबुराम आचार्यको एउटा लेख 'गोर्खापत्र' मा छापियो, जसमा सगरमाथाको दक्षिणी भिरालोको धेरै तल अवस्थित गुम्बासम्म चीनकै थियो भनी लेखिएको थियो । इतिहासकार आचार्यले प्रमाणसहित लेखेको उक्त लेखलाई खण्डन गर्ने आधार श्री ५ को सरकारसँग नभएकाले बीपी कोइरालाहरुका मुखमा बुझो पऱ्यो । त्यहाँदेखि कांग्रेसी सरकार र पार्टीले चीनविरुद्ध प्रचार गर्न छाडे ।

(क्रमशः)

## कविता
### साँढे सम्झी डराउँछन्



● प्रेम ओली
(ढकलपुरे)

कोही नेता आँपझैं पाकेका
कोही जोतेको गोरुझैं थाकेका
युवाहरु चाँहि
कोही विदेश भागेका
कोही राजनीतिबाट छेउ लागेका
तर देश चाहीं
यस्तै बूढा गोरुले पो हाँकेका ।


युवाहरु भन्छन्
साठी कटिसक्दा पनि बूढाहरु
अझै युवा नेता बन्छन्
हामीले बाटो बनाए पनि
हामीलाई छेक्न यिनैले खाल्टो खन्छन्
संन्यासतिर लाग्ने बेलामा पनि
अझै सत्ताको भोका भकाछन्
अङ्गहरुले काम गर्न छाडे पनि
अझै सक्छौं गर्न भन्दै आकाछन्
देशलाई गाई बनाइ,
बुढो गोरुले जस्तो
सत्ता पार्टी कब्जा गऱ्या छन्
बुद्धि विवेकको फ्युज उडिसक्यो
तैपनि सक्छौं भन्ने भ्रममा पऱ्या छन ।

यी बूढा गोरुले ओगडेसम्म यहाँ
गाई ब्याउने कुनै छाँट छैन
तर गोरुलाई हुत्याउने पनि
कुनै नाटाको यहाँ आँट छैन
साँच्चैको नाटो भएको भए यहाँ
त्यो बूढो गोरुलाई के बाँकी राख्यो
थारै गाई भएको भए पनि आजसम्म
त्यो वाली नाघेर ब्याइ सक्थ्यो
यी बिचरा नाटाहरु त
गोरुलाई पनि
साँढे हो कि सम्झी सम्झी डराउँछन्
विरोध गर्दा पनि
गोरुले सुन्ला कि भनी सुस्तरी कराउँछन ।

# हङकङ : पूर्वीय देशमा पश्चिमी पिरती-५

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





एक चोटि त मन ढक्क फुल्यो । सानो कुराका लागि पत्याउनै नसकिने त्यस्तो विशाल कार्यालयमा मानौं लाखौं रुपियाँको कारोबारको निमित्त गएको जस्तो भएको हुँदा हुनसम्म लज्जाको अनुभूति भयो ।

ईश्वरको अनुकम्पाले त्यहाँ बसेका 'बोस' भनाउँदा मान्छेले मसँग राम्रो नै व्यवहार गरे साथै मेरो इच्छा नै पूरा गरिदिए । तिनलाई आत्मा भएकै मान्छे रहेछन् भन्दै मनमनै धन्यवाद पनि दिएं । काठमाडौंमा समेत व्यापार गर्ने आइसकेका ती महाशयको नाउँ मिस्टर टी.पी. पुरी रहेछ । पन्ध्र वर्षपहिले उनको घाँटीमा अप्रेसन भएको रहेछ । अप्रेसन सफल भए पनि एउटा खोट रहन गएको रहेछ । घाँटीको नलीमा कस्तो प्रतिकूल प्रभाव परेछ कुन्नि, कुरा गर्दा हरेक पटक खोक्नुपर्ने भएछ, त्यसो भनेर खकार आउने होइन तर हरेक खोकाइको साथमा कुकुरले भुकेको जस्तो 'हाउँहाउँ' आवाज आउँथ्यो । पहिले त म त्यहाँ कतैतिर कुकुर छ कि भन्ने भ्रममा परेको थिएं । यो कुकुर-आवाजलाई घटाउन उनले हुनसम्म कोसिस गरेका रहेछन् तर सफल हुन सकेनन् । यसले आधुनिक उन्नत औषधीविज्ञानलाई गिज्याइरहेको जस्तो लाग्यो ।


**हङकङको रात्रिजीवन**

हङकङको रात्रिजीवन पनि आफ्नै पाराको रहेछ । यहाँका अधिकांश पब, बारजस्ता जाँडरक्सी धोक्न पाइने भट्टीहरूमा जवानीले भरभराउँदा केटीहरू 'सेल्स गर्ल' बनेका हुन्छन् । आफ्नो कार्यावधिमा उनीहरूले विशेष पोसाक लगाउनुपर्ने नभई वरु भएका पोसाकलाई समेत अलग्ग राखी आफ्ना दुवै स्तनलाई खुला प्रदर्शन गर्नुपर्ने चलन रहेछ । अझ कुनै 'स्मार्ट' भनाउँदा केटीहरू त एकवित्ते लँगौटीजस्ता 'अन्डरवेयर' मात्र लगाई निर्लज्जातापूर्वक आफ्नो नाङ्गो शरीरको प्रदर्शन गर्दै अनेक हाउभाउ कटाक्ष गरी मस्कँदै ग्राहकहरूलाई वियर-रक्सीहरू दिँदै गर्दा रहेछन् । पैसाका निम्ति केटीहरूले गरिरहेको यस्तो क्रियाकलाप देख्दा अचम्म लाग्यो । फेरि पिउन आउने ग्राहकहरू पनि त्यस्तै धिङ्ग्याहा-भित्र पसेपछि पिउने ठाउँ खाली छ-छैन हेर्ने होइनन् वरु त्यहाँका ती केटीहरूका उदाङ्गिएका स्तनहरू के-कस्ता छन्-ठूला, साना, रहरलाग्दा छन्-छैनन् हेर्ने र मनले खायो भने त्यहीं अड्ने र चित्त बुझेन भने लुसुक्क निस्किहाल्ने गर्दा रहेछन् ।

जीवनमा पहिलोपल्ट हङकङमा यस्तो रात्रिजीवन देखें जसमा पश्चिमेली अतिशय प्रवृत्तिबिना पूर्वीय सौन्दर्यलाई उघारेर रसिलो पारिदिएको रहेछ । अझ कुनैकुनै चम्किलो ठाउँमा त घुम्ने टेबुलको वरिपरि बियर-रक्सी धोकिरहेका ग्राहकहरू, अनि बिस्तारै घुमिरहेको टेबुलमाथि नाम मात्रको अन्डरवेयर लगाएकी केटीले विभिन्न योगासन गरेर ग्राहकहरूको चित्ताकर्षण गरिरहेका देखिन्छन् । हुन त यस्ता बार-रेष्टुराँहरूमा जाँडरक्सी नधोकीकन कफी मात्र पनि मगाउन सकिने रहेछ । तर उच्छृङ्खल आधुनिक परिवेशमा ठाउँअनुसार तालमा ताल मिलाउन नसक्ने भद्र पुरुषलाई अल्लारे मगजका व्यक्तिहरूले 'इनोसेन्ट' भनी कुरा काटेको सुन्ने म स्वयमले धेरै चोटि कटु अनुभव गरेको छु ।

थोरै समयको प्रवासपछि म हङकङबाट फर्कें । पूर्व र पश्चिमको व्यापारको केन्द्रबिन्दु रहेको हङकङले आज विश्वलाई धेरै कुरा दिन सक्यो होला परन्तु आफ्ना चाहना र आकाङ्क्षाहरू यहाँ पनि धेरै किसिमले प्रतिबन्धित नै रहेको देखें । रात्रिजीवन र विलासदेखि बाहेक ज्ञान, विज्ञान र उद्योगका सम्बन्धमा हङकङले दिनुपर्ने अझ धेरै नै बाँकी छन् भन्ने धारणा फर्कंदाको प्रत्येक पाइलोमा सबल ढङ्गले अनुभव गर्न थालें ।

# मनले मनलाई जोड्ने 'मनोनेट'




मनको भाषा र भाका केले र कसरी बुझ्छ ?

स्वाभाविकरुपमा मनले नै बुझ्छ । र, मनले नै अर्को मनलाई सन्चार गर्छ ।

चञ्चल मन । अस्थिर मन । शंकालु मन । प्रार्थना गर्ने र सधैं अरुको भलो चिताउने मन । चेतन मन । अवचेतन मन । जे भनेपनि आखिर मन त मनै हो ।

'मन' का यही अनेक रुप र प्रवृतिको स्वरुपलाई एउटै जालोमा बेरेका छन्, पत्रकार तथा लेखक तीर्थ सिग्देलले कथासंग्रह ' मनोनेट' मा ।

मनभित्रका सबै कुरा कहाँ अभिव्यक्त हुन्छन् र ? त्यस्तो मन भित्र उकुससुकुस भएका कुरा कसरी प्रकट गर्ने ? यस्ता विवाद र तर्कनाले मानिसको मन अझै रुमल्लिएको मात्र हुदैन, पीडित र दुःखी पनि बनिरहेको हुन्छ ।

अझ एकोहोरो प्रेमले घाइते भएको मनको पीडाको त कुरा गरिसाध्ये ने हुन्न । त्यतिबेला पनि मनलाई नै पीडा हुन्छ ।

'मनमा अनेक कुरा खेल्छ । तर, सबै बाहिर अभिव्यक्त हुदैन' लेखक सिग्देलले भने, 'अभिव्यक्त नहुने कुराहरु चाही कस्ता हुन्छन् त ? मैले तिनै कुराहरुलाई पाठकमाझ पस्किएको छु ।'

नेपाली शब्दकोशमा नभएको एउटा नयाँ शब्द 'मनोनेट' उनको सृष्टी हो । ' कहिलेकाही मुखले नबोलेपनि मनको कुरा बुझ्ने मान्छे भेटिन्छ । संसारलाई जोड्ने इन्टरनेट भएजस्तै मनसंग मनलाई जोड्ने 'नेट' भएरै त यो सम्भव भएको होला' उनले भने ।

सिग्देललाई लाग्छ, मानिसका मनमा सायद दुःख, पीडा, सुख, आनन्द र सन्तुष्टि, माया प्रेमका कुरा बढी खेल्छन् । ती मध्ये माया प्रेम र यौनका कुराहरु मनभित्रै गुम्सिएर रहन्छन् । सहजै बाहिर व्यक्त हुन सक्दैनन् । ती अव्यक्त भाव जसरी प्रकट गर्न सकिएको हुदैन, त्यो भेटिन्छ, यसमा ।

दुई दशकदेखि पत्रकारितामा क्रियाशील सिग्देलले कथासंग्रहमा २२ वटा कथा समावेश गरेका छन् । सबै कथाहरु मनोवैज्ञानिक छन् । लेखकले कथाहरुलाई मनोवैज्ञानिक ढंगले साहित्यिक रस भरेका छन् । तर, यौनलाई 'नाङ्गो' बनाएका छैनन् ।

उनी भन्छन्, 'बिम्बको माध्यमबाट 'यौन' लाई बुझाउन सकिन्छ ।' आजको साहित्यमा 'यौन' बिकिरहेको तथ्य भने उनी स्वीकार्छन् । उनी थप्छन् , 'त्यसलाई कसरी प्रकट गर्ने र बुझ्ने भन्ने मात्र मूल कुरा हो ।'

उनको दाबी छ, 'कथाहरु मनोवैज्ञानिक भएपनि पुस्तक एक्लै कुनै प्रेमी वा प्रेमिकाले मात्र होइन, सबै परिवारबीच पढ्न सकिन्छ ।'

कतिपय पुस्तकले त्यो ओज लिन सकेको देखिदैन । तर, आफ्नो तेस्रो पुस्तकसम्म आइपुग्दा लेखकले कथासंग्रहलाई यथार्थपरक बनाउन भरपूर मेहेनत गरेका छन् । जसको माध्यमबाट एउटा छलफल हुने उनको आशा छ, अव्यक्त भाव, मनको अवचेतन मनको तर्कना जे भनेपनि यो एउटा नवीन प्रयोग हुनेछ । जस्तो, फ्रायडबाददेखि, बीपीको यौन मनोविज्ञान हुदै आजसम्म आइपुग्दा यसको प्रयोगलाई नेपालीपनमा ढालिएन । यो अभाव मनोनेटले पूरा गर्ने बिश्वास छ, सिग्देलको ।

उनी थप्छन्, 'अहिले बजारमा आएका उपन्यास हुन् वा कथा ती पुस्तकमा पात्रहरुबीचको सम्बाददेखि लेखकले प्रकट गर्ने पात्रको अन्तरमनको भाव नै मनोनेट हो । जसलाई त्यो पात्रले अर्को पात्रलाई भन्न सकेको हुदैन ।'

सिग्देलले आफ्नो पत्रकारिताको दुई दशकलाई चित्रण गर्नेगरी ०७३ मा 'जीवनको गति' र कोशी पूर्वका राजनीतिक घटनाक्रमहरुलाई समेटेर ०७४ मा 'पूर्वको राजनीति' नामक पुस्तक लेखेका छन् ।

# रिठ्ठाको दाना फाइदा छ खान

रिठ्ठा एक किसिमको फल हो जसलाई सुकाएर साबुन, डिटर्जेन्ट र श्याम्पु बनाउन प्रयोग गरिन्छ । रिठ्ठा र त्यसको पाउडर पनि सजिलै पाइन्छ ।

यसको प्रयोग कपाललाई बलियो र कालो बनाउनका लागि गरिन्छ अनि यसले स्वास्थ्यसम्बन्धी धेरै समस्या समाधान गर्छ । माइग्रेन भएपछि शिरको आधा भागमा चर्को पीडा हुन्छ । रिठ्ठाको प्रयोगले पीडाबाट राहत पाउन सकिन्छ । रिठ्ठाको धूलोमा अलिकति मरिच र पानी मिसाएर यो घोललाई चार-पाँच थोपा नाकमा हाल्दा माइग्रेनको पीडाबाट छुटकारा पाइन्छ ।

दमको रोगीलाई सास लिन अप्ठ्यारो हुन्छ अनि धूलो प-यो भने पनि खोकी लाग्न थाल्छ । पाँच ग्राम रिठ्ठाको धूलोमा २५० मिलिलिटर पानी मिसाएर काँढा बनाएर पिउँदा लाभ हुन्छ । दिनमा दुईतीनचोटि काँढा पिउँदा कफ ठीक हुन्छ र सास फेर्न सजिलो हुन्छ ।



रिठ्ठाका बिउलाई तावामा भुटेर त्यस बराबर फिटकिरी मिसाएर पिस्ने अनि यसलाई दाँतमा दल्ने आराम हुन्छ । आउँ पर्दा दिसासँग रगत आउँछ र असाध्यै पीडा हुन्छ । दिनमा दुई-तीनचोटि काँढा पिउँदा कफ ठीक हुन्छ र सास फेर्न सजिलो हुन्छ ।

रिठ्ठाका बिउलाई तावामा भुटेर त्यसबराबर फिटकिरी मिसाएर पिस्नुस् ।

अब यसलाई दाँतमा दल्नुस् । आराम पाउनुहुनेछ । आउँ पर्ने आउँ पर्दा दिसासँग रगत आउँछ र असाध्यै पीडा हुन्छ । यस्तो हुँदा आधा लिटर पानीमा रिठ्ठाको धूलो हालेर पकाउने र चिसो भएपछि आधी कप पिउने दिनदिनै यो पानी पिउँदा आउँ ठीक हुन्छ ।

अनियमित रजस्वलाका लागि रिठ्ठाको धूलो दुई ग्राममा अलिकति मह मिसाएर खाँदा रजस्वला नियमित हुन्छ र यस बेलामा हुने पीडाबाट राहत प्राप्त हुन्छ ।

# रोबर्ट मुगाबे : स्वतन्त्रता योद्धादेखि तानाशाहसम्म



**विष्णु भट्टराई**

जिम्बावेको सत्तामा ३७ वर्ष राज गरेका मुगाबे आफ्नै पार्टी र आफैंले निर्माण गरेको सेनाबाट अपमानपूर्वक हटाइए । उनी भन्ने गर्थे- 'मलाई सत्ताबाट भगवानले मात्र हटाउन सक्छन्' तर उनलाई आफैंले विश्वास गरेका सेनाले अचानक सत्ताबाट अपदस्त गऱ्यो । त्यसपछि उनी गुम्नाम जस्तै बने । अहिले उनी भौतिक रूपमा नै संसारबाट बिदा भएका छन् ।

स्वतन्त्र जिम्बावेका पहिलो नेता रोबर्ट मुगाबेको ९५ वर्षको उमेरमा सिंगापुरमा उपचारका क्रममा निधन भएको हो । उनी सन् १९८० को दशकमा जिम्बावे ब्रिटिसबाट स्वतन्त्र भएपछि पहिले प्रधानमन्त्री र सन् १९८७ मा प्रधानमन्त्रीको पद समाप्त पारेर कार्यकारी राष्ट्रपतिको व्यवस्था गरी आफू राष्ट्रपति बनेका थिए । लामो समयदेखि स्वास्थ्य अवस्था गम्भीर भएपछि सिंगापुरमा उपचार गराइरहेका मुगाबेको हालै मात्र निधन भएको हो ।

जिम्बावेमा लामो समय शासन गरेका मुगाबे आफ्नो शासनको अन्तिमतिर आफ्नोभन्दा आधा उमेरकी श्रीमती ग्रेसी मुगाबेलाई उत्तराधिकारी बनाउन तत्कालीन उपराष्ट्रपति इमर्सन मानागाग्वालाई बर्खास्त गरेपछि विवादमा तानिए र सन् २०१७ आफैं सैनिक 'कु'मार्फत तीन दशकभन्दा लामो शासनसत्ताबाट बाहिरिन बाध्य भए । मुगाबेको जन्म २१ फ्रेब्रुअरी १९२४ मा त्यसबेलाको रोडेसियामा भएको हो । सन् १९६४ मा रोडेसियाई सरकारको आलोचना गरेका कारण मुगाबे एक दशक लामो जेलमा बस्नुपरेको थियो ।

लामो समयसम्म रोबर्ट मुगाबे र जिम्बाबे एक अर्काको पर्याय बने । केही मानिसका लागि त मुगाबे तमाम विवादका बाबजुद एक हिरोको रूपमा स्थापित भए र देशलाई उपनिवेशबाट मुक्त बनाएर स्वतन्त्रता दिलाए । यहाँसम्मकी उनलाई सत्ताबाट हटाउनेहरूले पनि मुगाबेलाई भन्दा बढी उनकी पत्नी ग्रेसी मुगाबे र आसपासमा रहनेहरूलाई आपराधिक क्रियाकलापमा सामेल रहेको आरोप लगाए । तर, सिंगो परिणामको जिम्मेवार सत्तालोलुप मुगाबेलाई सैनिक 'कु' को समयमा पनि सुरक्षित रूपमा राखियो, उनीमाथि कुनै अवाञ्छित आरोपहरू लगाइएन ।

यो उनले जिम्बावेको स्वतन्त्रता, त्यहाँको शिक्षा प्रणाली र गरिब जनताका लागि निरन्तर गरेको संघर्षमा खेलेको भूमिकाको सम्मान थियो । तर उनका आलोचकको संख्या पछिल्ला वर्षहरूमा बढ्दै गएको थियो । उनीलाई सत्तामा रहन हरेक तिकडम अपनाउने तानशाहको आरोप लगाउनेको कमी थिएन । विरोधीहरू भन्छन्, 'उनले आफ्नो कुर्सी बचाउनका लागि पुरै देशलाई नै दाउमा हालिदिए ।'

सन् २००८ को चुनावअघि मुगाबेले भनेका थिए, 'यदि चुनाव हारियो भने राजनीतिबाट बिदा लिनुपर्छ ।' तर, उनी विपक्षी नेता मोर्गन सानगिराईसँग पराजित भए । त्यसपछि उनले आफ्नो बयान फेरे र भने, 'मलाई भगवनाले मात्रै हटाउन सक्छ ।' मुगाबेको वास्तविक योगदानलाई सम्झिनका लागि जिम्बाबेको स्वतन्त्रताका लागि सन् १९७० को दशकमा चलेको छापामार युद्धतर्फ फर्किनुपर्छ । ३७ वर्ष देशको सत्तामा रहनुका बाबजुद मुगाबेको संसारप्रतिको दृष्टिकोण सन् १९७० को जस्तै थियो । उनले पटक-पटक आफ्नो नेतृत्वमा रहेको सत्तारुढ पार्टी जानु-पीएफ अझै पनि पुँजीवाद र उपनिवेशवादसँग लडिरहेको बताउने गरेका थिए । मुगाबेले आफ्ना हरेक आलोचकलाई गद्दार र पैसामा बिकेको आरोप लगाइदिन्थे । यस्तो आरोप छापामार युद्धका समयमा आलोचकमाथि लगाउने गरिन्थ्यो ।

सन् २००० मा उनले आफ्नो झन्डै दुई दशक लामो सत्ता राजनीतिक यात्रामा शक्तिशाली विपक्षको सामना गरे । यो चुनौतीसँग लड्नका लागि उनले अफ्रिकामा बलियो राजनीतिक नियन्त्रणका लागि प्रयोग गरे । अर्थव्यवस्थाको मेरुदण्डका रूपमा मानिने गोरा जातिको फार्महरूलाई सरकारी कब्जामा थिए । यो एक लोकप्रिय कदम बन्न पुग्यो । उनी सत्तामा त रहिरहन सफल भए तर अर्थव्यवस्था लिकभन्दा बाहिर गयो ।

उनले जिम्बावेको आर्थिक अवस्था बिग्रनुमा हमेसा पशिचमा शक्तिको हात रहेको उल्लेख गर्ने गर्दथे । तर, उनका आलोचकले मुगाबेलाई एक आधुनिक अर्थव्यवस्थालाई कसरी सञ्चालन गर्ने भन्ने ज्ञान नभएको बताउने गर्दथे ।

मुगाबेका अनेक किस्साहरू छन् । आर्थिक वितरण प्रणालीलाई उनी सधैं केक बाँडेको उदाहरण दिन्थे । केक नै कसरी बनाइन्छ भन्नेचाहिँ उनलाई पनि जानकारी हुँदैनथ्यो । मुगाबेले एकपटक भनेका थिए, 'मेरो देश कहिल्यै पनि दिवालिया हुन सक्दैन ।' जुलाई २००८ मा जिम्बावेको आर्थिक संकट बढ्दै गयो र वार्षिक महँगी दर विशाल दरमा बढ्यो ।

जिम्बावेमा चरम महँगीका कारण आफ्नो देशको मुद्रा छाडेर विदेशी मुद्रा चलाउनुपर्ने अवस्था सिर्जना भएको थियो । बेलायती उपनिवेशका विरुद्ध कठोर संघर्ष गरेका मुगाबेलाई जिम्बावेमा क्रान्तिकारी नायकका रूपमा चिनिन्छ । मुगाबे हरेक समयमा आफू देशका गरिबका लागि लडिरहेको बताउने गर्दथे । तर, उनले ठूला जमिनदारको जमिन कब्दा गर्दा उनका निकटस्थहरूले फाइदा लुटका थिए । डेसमन्ड टुटुले त्यस समयमा जिम्बावेका राष्ट्रपति एक कार्टून बनेर बसिरहेको टिप्पणी गरेका थिए ।





यद्यपि, मुगाबे र उनका समर्थकले सत्ता जोगाउनका लागि हिंसाको सहारा लिने गरेका थिए भने आर्थिक संकट हल गर्न असफल बनेका थिए । धेरैले उनको असफल आर्थिक योजनालाई ढाकछोप गरिरहे । उनी आर्थिक वृद्धिका लागि आफ्नो सिद्धान्तको परीक्षण गर्न चाहन्थे भन्ने दृष्टिकोणले हेरियो ।

सन् २००० को जनमत संग्रहमा भोगेको हार होस् या २००८ मा राष्ट्रपति चुनावको पहिलो चरणमा भोगेको हार होस्, उनले हरेकपटक सरकारी मिडिया र सुरक्षाबललाई आफ्नो स्वार्थका लागि प्रयोग गरे । आफ्ना राजनीतिक विरोधीप्रति मुगाबेको रबैयाको झलक सन् १९८० को दशकमा नै देखिन थालेको थियो । त्यसबेला उत्तर कोरियामा प्रशिक्षण लिएको सेनाको एउटा ब्रिगेडलाई आफ्ना विरोधी जोसुवा एनकोमोको इलाकामा पठाएका थिए । जबसम्म एनकोमो मुगाबेको सर्त मान्न तयार भए, त्यसबेलासम्म हजारौं मानिस मारिइसकेका थिए । सन् १९९९ मा मुभमेन्ट फर डेमोक्रेटिक चेन्ज नामबाट एक विपक्षी समूह अस्तित्वमा आएपछि मुगाबे सरकारका नीति र आर्थिक संकटलाई लिएर विरोध प्रदर्शन र हड्ताल भएका थिए । त्यसपछि उनले सत्तामा आफ्नो नियन्त्रण कायम राख्न राजनीतिक विरोधीहरूलाई समाप्त पार्न सुरु गरे भने पार्टीमा लामो योगदान भएका र शक्तिशाली व्यक्तिहरूलाई बर्खास्त गरे । वर्तमान राष्ट्रपति तथा मुगाबे कालका उपराष्ट्रपति इमर्सनलाई गरेको बर्खास्ती त्यसैको एउटा कडी थियो । उनले क्रान्ति पूरा भएपछि मात्रै राष्ट्रपतिको पद छाड्ने बताए पनि भित्रभित्रै उत्तराधिकारी पनि खोजिरहेका थिए । उनी आफ्नो कमजोर स्वास्थ्य अवस्थाका कारण आफ्नी पत्नी ग्रेसीलाई सत्ताको एक्लो उत्तराधिकारी बनाउन चाहन्थे ।

मुगाबे एक निष्ठावान् क्याथोलिक थिए । क्यान्सरपीडित पहिलो पत्नी जिउँदै हुँदा उनी ग्रेसीका दुई बच्चाको बाबु बनेका थिए । उनकी यही दोस्री पत्नी उनको पतनको कारक बनिन् । सन् २०११ मा विकिलिक्सका माध्यमबाट बाहिर आएको एक अमेरिकी दस्तावेजअनुसार उनालई प्रोस्टेट क्यान्सर भएको थियो । तर, देखिनका लागि उनी स्वस्थ देखिन्थे । उनकी पत्नी ग्रेसीले एकपटक मुगाबे हरेक दिन बिहान पाँच बजे उठेर योग गर्ने गरेको बताएकी थिइन् । उनी धेरै मदिरा खाँदैनथे भने शाकाहारी जीवन व्यतित गरे । ग्रेसीले तेस्रो सन्तानलाई जन्म दिँदा मुगाबे ७३ वर्षका भएका थिए । उनले सधैं क्रान्ति पूरा भएपछि सत्ताबाट हड्ने बताउँदै आएका थिए । उनको यो भनाइको तात्पर्य गोरा जमिन्दारबाट खोसिएको जमिन गरिबलाई बाँड्ने विषयसँग सम्बन्धित थियो र अर्कोतर्फ उनी पार्टीभित्र आफ्नो अनुकूल उत्तराधिकारी निर्माण गर्न चाहन्थे । त्यसैले, कान्छी पत्नी ग्रेसीलाई उत्तराधिकारीका रूपमा अघि सार्ने निर्णय लिए । जुन उनको पतनको कारक बन्यो ।

रोबर्ट मुगाबे जिम्बावेको स्वतन्त्रता आन्दोलनका एक प्रमुख व्यक्ति हुन् । तर, उनको सत्ताप्रतिको आशक्ति र परिवार मोहका कारण जीवनको उत्तरार्धमा उनले स्वतन्त्रताका लागि गरेको योगदान नै छायामा पारिदियो । स्वेत शासन अन्त्यका लागि सबैभन्दा लामो र कठिन संघर्ष गरेका दक्षिण अफ्रिकी नेता नेल्सन मन्डेलाबाट उनले सिकेको देखिएन । जीवनको खास कालखण्डमा उच्चकोटीको योगदान गरेका व्यक्तिहरू आफ्नो पारिवारिक मोह र व्यक्तिगत महत्वाकांक्षाका कारण खलनायकमा परिणत हुने गरेका छन् । मुगाबेको हकमा पनि यस्तै घटना दोहोरियो । स्वतन्त्रता आन्दोलनमा महत्वपूर्ण योगदान दिएकालाई पन्छाएर श्रीमतीलाई सत्ता हस्तान्तरण गर्न खोज्नु उनको सत्ता उन्मादको परिणाम थियो । जसले उनको ३७ वर्ष लामो शासन अन्त्य भयो र लोकतान्त्रिक शासन प्रणालीमा कालो धब्बा पोतियो । उनको सत्तामाथि सेनाले हस्तक्षेप गऱ्यो । तर, जिम्बाबेको सेनाले सत्ता सञ्चालनका लागि भन्दा पनि स्वतन्त्रता आन्दोलनका व्यक्तित्व इमर्सन मानागाग्वालाई सत्तामा स्थापित गराउन मुगाबेलाई सत्ताबाट हट्न बाध्य पाऱ्यो ।

इमर्सन मानागाग्वा सेनाको चर्चित अनुहार पनि हुन् । जसले जिम्बावेको स्वतन्त्रताको लडाइँमा महत्वपूर्ण भूमिका निभाएका थिए । सन् १९८० मा रोडेसियाको बचेको सुरक्षा बल, जिम्बाबे अफ्रिकन नेसनल लिबरेसन आर्मी र जिम्बावे पिपुल्स लिबरेसन आर्मीलाई मिलाएर जिम्बावे नेसनल आर्मी गठन गरिएको हो । उनी मुगाबेको स्वभाविक उत्तराधिकारी थिए । तर, मुगाबेले पत्नी ग्रेसीलाई पार्टी र सत्ताको नेतृत्वमा पुऱ्याउन इमर्सनलाई बर्खास्त गरे पनि संकट आइल्याग्यो । तर, ग्रेसीलाई सैनिक समर्थन प्राप्त थिएन । जिम्बावेको सेना स्वतन्त्रताको विरासत र त्यसमा सामेल व्यक्तिलाई धेरै सम्मान गर्ने गर्दछ । सोही कारण सेनाले पूर्वउपराष्ट्रपति र प्रमुख विपक्षी पार्टीको समर्थनमा सत्तामाथि नियन्त्रण गऱ्यो र मानांगाग्वालाई नयाँ राष्ट्रपतिमा स्थापित गरिदियो । स्वतन्त्रताको विरासतका कारण मुगाबे सत्तालाई सेनाले ३७ वर्षसम्म अटुट रूपमा साथ दिएको थियो । मुगाबेले सन् २०१४ मा पनि पूर्वउपराष्ट्रपति जोइस मुजुरुलाई बर्खास्त गरेका थिए ।

**एजेन्सीहरूको सहयोगमा**

# Annapurna Circuit Trek

This trekking passes picturesque villages home to Gurungs, Manangis and Thakalis, offers spectacular mountain views of the numerous 7000m-plus Annapurna peaks and boasts some of the best trekking lodges in Nepal.

Our best tip for this trek is to remember that the side trips and excursions from places like Manang, Muktinath and Jomsom rank as the highlights of the trek. It's well worth adding a couple of days to explore some of these trails. You'll be better acclimatised for the pass and you'll manage to shake some of the crowds. This is not scenery to rush through.

**Tour description**

The Annapurna Circuit trek covers everything an ambitious trekker would want from a trek in the Himalayas- lovely lowland farms and villages, high mountainous scenery, cultural diversity, and an exciting pass crossing.The trek begins from a scenic drive to the Marsyangdi valley. From here, one heads to the northern side of the Annapurna Massif. All through the trek, you can witness the stunning panoramas of giants like Manaslu and the Annapurnas.It will reach the high point of the trip after a demanding climb to the Thorung La (5416m) on the north side of the Annapurnas. The rewards of the climb are remarkable views of the Himalayan snow-capped peaks.After making it through the pass, one moves downwards into the deep valley of the Kali Gandaki. At the base of the pass, the valley is home to an uncanny collection of temples located in Muktinath.

This is a typical itinerary for this product. The Annapurna Circuit trek covers everything an ambitious trekker would want from a trek in the Himalayas- lovely lowland farms and villages, high mountainous scenery, cultural diversity, and an exciting pass crossing.The



trek begins from a scenic drive to the Marsyangdi valley. From here, one heads to the northern side of the Annapurna Massif. All through the trek, one can witness the stunning panoramas of giants like Manaslu and the Annapurnas. It will reach the high point of the trip after a demanding climb to the Thorung La (5416m) on the north side of the Annapurnas. The rewards of the climb are remarkable views of the Himalayan snow-capped peaks. After making it through the pass, one move downwards into the deep valley of the Kali Gandaki. At the base of the pass, the valley is home to an uncanny collection of temples located in Muktinath. We then shall take a scenic flight from Jomsom to Pokhara where you can have a good time in the calming atmosphere of Lakeside while witnessing stunning views of the Annapurnas reflected in the waters of Phewa Tal.Pass By: Annapurna Mountain Range, Annapurna Region, Gandaki Zone, Western Region

"संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं : घरघरमा राष्ट्रिय झण्डा फहराऔं ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

प्रेरक

## अन्तरआत्माको आवाज

गाउँको मन्दिरमा एक साधु बस्थे। त्यसै गाउँमा एउटा चोर पनि बस्थ्यो। चोर चढ्दो जवानीमा थियो भने साधु जवानीको उत्तरार्धतिरको यात्रामा थिए। चोर हुनेखाने परिवारकै सन्तान थियो। ऊ अन्यत्रभन्दा पनि आफ्नै गाउँमा सानोतिनो मालमत्ता र धन, सम्पत्तिमाथि लामो हात गर्थ्यो। सानोतिनो चोरीबाट आफ्नो मोजमस्ती पूरा गर्नु उसको दैनिकी बनेको थियो। उसको चोरीबाट मानिसलाई दुःख बढी र क्षति कम हुने गर्थ्यो।

एकपटक चोरले मन्दिरका साधुसित निकै ठूलो रकमको थैली भएको थाहा पायो। त्यसैले, उसले बिस्तारै साधुको कुटीसम्म जाने-आउने क्रम बढायो। चोर मुखमा रामराम, बगलीमा छुरा राखेर साधुको सेवामा लाग्यो। त्यसो त साधु पनि चोरको मनोभावबाट अपरिचित थिएनन्। उनी मनमनै भन्थे- यो चोरले दिउँसै चोरी नगरे पनि रातमा यसलाई उल्लु बनाउन मैले जानेको छु। उता चोरलाई साधुको साथमा धनको थैली देखेर तनाव हुन्थ्यो।

एक रात चोर साधुको कुटीमै बस्यो। कसरी थैली चोरौँ भन्ने दाउमा चोर र त्यसलाई कसरी जोगाऊँ भन्ने चिन्तामा साधु, दुवैले रातभर यताउता पल्टिँदै रात बिताए। बिहान भालेको डाँक सुनेपछि मात्र साधुको शरीरमा प्राण सञ्चार भयो। अर्को दिनदेखि साधुले रातमा थैलीलाई बाहिर राखिदिन्थे भने दिनमा भित्र। उनी रातभरि आनन्दले घुरिरहन्थे। उता चोर भने रातभर निवासभित्रै थैली खोजिरहन्थ्यो।

एकरात साधुको आत्माले उनलाई भन्यो- ओइ साधु, तँ पापी होस्। तँलाई त्यस थैलीसित किन यति ठूलो मोह ? अब सब मोह छोड्, बिचरा चोरको भलाइ गर्। सोही रात चोरको आत्माले पनि उसलाई भन्यो- ओइ चोर, तँलाई भगवान्ले देखिरहेका छन्। चोरीको चक्करमा लागेर तैँले जिन्दगीको आनन्द गुमाइरहेको छस्। यति लामो जिन्दगी यही थैलीको सहारामा त बित्दैन। कतै चोरी गर्दागर्दै पक्राउ परिस् भने के होला ? त्यस रात साधुले थैली बाहिर राखेनन्। बिहान उठ्दा साधुले थैली राखेकै स्थानमा पाए। तर, चोर भने त्यहाँ थिएन।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला । बेसुरको निर्णयले समस्यामा पुर्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। पहिलेको सफलताले भने हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । शुभचिन्तकहरूको मनोभाव विचार गरेर अघि बढ्नुहोला। आफ्नो सूचना बाहिरिने समय भएकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला ।

### बृष

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । केही मात्रामा खर्च बढ्नेछ भने व्यवसायमा लगानी बढाउनुपर्ला । अर्थअभाव खट्किनाले काममा बाधा आउन सक्छ । फाइदाका पछि लाग्दा समस्या आउन सक्छन् । आवश्यक पर्दा सरसापटबाट धन जुट्नेछ। लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

### मिथुन

आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। परिश्रमको फल प्राप्त हुने समय छ। दिगो फाइदा हुने काममा लगानी गर्ने मौका छ। व्यापार तथा साझेदारीमा पनि फाइदा हुनेछ। आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन् । पहिलेको सफलताले हौसला जगाउनेछ।

### कर्कट

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ ।

### सिंह

सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ । मिहिनेतको राम्रो प्रतिफल प्राप्त हुनेछ। आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ । सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ । आम्दानी थोरै भए पनि आवश्यकता पूरा हुनेछन्। शुभचिन्तकहरूले साथ दिनेछन् भने भविष्यका लागि धनसञ्चय र कर्मनिश्चय गर्ने समय छ।

### कन्या

बेसुरमा काम गर्ने बानीले समस्या निम्त्याउन सक्छ । स्वास्थ्य प्रतिकूल रहनेछ भने गरेका कामबाट पनि तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ । हिसाबकिताबमा होसियार रहनुहोला । हडबडको त्रुटिले काम दोहोर्याउनुपर्ने हुन सक्छ। अध्ययनमा त्यति धेरै समय दिन नसकिएला। श्रम र लगानीका तुलनामा व्यावसायिक प्रतिफल कम मात्र हातलागी हुनेछ।

### तुला

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। तर प्रबल इच्छाशक्तिले लक्ष्यमा पुर्याउनेछ । लगनशीलताले नयाँनयाँ काम गर्ने अवसरसमेत दिलाउनेछ । सुन्दर अलंकार वा अन्य विशेष उपहार प्राप्त हुन सक्छ । मित्रता र प्रेमको बन्धन कसिनेछ।

### बृश्चिक

दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। रकम तथा भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ । लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ । शत्रुभाव राख्नेहरू स्वयं कमजोर हुनेछन् । बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ।

### धनु

कामको मेसो नमिल्दा केही अलमल हुनेछ । तापनि मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । कर्मक्षेत्रका बाधा हट्नेछन् र नयाँ कामतर्फ आकर्षित भइनेछ । काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन्। पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । लगनशीलताले काम सम्पादन हुनेछ।

### मकर

बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला । महत्त्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला। साझेदारीको सम्झौता भंग हुन सक्छ। तत्कालको फाइदा हेर्दा घाटा हुन सक्छ।

### कुम्भ

प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा लाभ हुनेछ। सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ । साथीभाइको सहयोगले काम सम्पादन हुनेछ । दिगो फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ।

### मीन

विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्ला । स्वयं आँट गर्न नसक्दा अरूको सहयोग आवश्यक पर्नेछ । तर, अरूको मात्र भरपर्दा काम अधुरो रहनेछ । लेनदेन तथा हिसाबकिताबमा होसियार रहनुहोला । सञ्चित रकम खर्चनुपर्ने आवश्यकता पर्न सक्छ। दिगो काम प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ।

## समाचार संक्षेप

### दुर्घटनामा २ को मृत्यु

काठमाडौं। काठमाडौं र कालिकोटका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा पारी २ जनाको मृत्यु भएको छ।

काठमाडौं महानगरपालिका-१५ बनस्थली अन्नपूर्णा चोकस्थित सडकमा बा.३ ख १८३३ नम्बरको बसले बा.९८ प २७१५ नम्बरको मोटरसाइकललाई मंगलबार साँझ ठक्कर दिँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक काठमाडौं महानगरपालिका(१६ देवनगर घर भएका २० वर्षीय सम्मान भट्टराईको साईबाबा अस्पताल ढुंगेधारामा उपचारको क्रममा मृत्यु भएको छ। दुवै सवारी साधन र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

कालिकोट, तिलागुफा नगरपालिका १ नाग्म बजारस्थित सडकमा यात्रु चढाउन रोकी राखेको ना.३ ख ७६६४ नम्बरको बस अचानक अगाडि बढ्न गई मंगलबार दिउँसो दुर्घटना हुँदा बसले च्यापियर जुम्ला सिजा गाउँपालिका(१ बस्ने ३१ वर्षीय नन्द बहादुर शाहीको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका अन्य ५ जनालाई उपचारको लागि जिल्ला अस्पताल जुम्लातर्फ लगिएको छ। बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### सिलिण्डर पड्किँदा घाइते

काठमाडौं। काठमाडौं महानगरपालिका ११ थापाथलीस्थित प्रसुती गृह थापाथलीको अन्डरग्राउण्ड पार्किङ स्थलमा अक्सिजन ग्याँसको सिलिण्डर बनाउने क्रममा मंगलबार दिउँसो सिलिण्डर पड्किँदा काठमाडौं काभ्रेस्थली घर भएका २७ वर्षीय अमिजित भण्डारी र २६ वर्षीय मदन भण्डारी घाइते भएका छन्।

### धनमाल चोरी

काठमाडौं। काठमाडौं महानगरपालिका-६ कपन सरस्वतीनगर डेरा गरी बस्ने ललितपुर पाटन घर भएकी ४६ वर्षीया संगिता श्रेष्ठको कोठाबाट नगद तथा सुनका गरगहना समेत गरी करिब ३ लाख २५ हजार रुपैयाँ बराबरको धनमाल मंगलबार साँझ चोरी भएको छ। यसैगरी काठमाडौं, टोखा नगरपालिका(६ हरियाली बस्ती डेरा गरी बस्ने रूपन्देही बुटवल उपमहानगरपालिका-११ घर भएकी लक्ष्मी अमात्यको कोठाबाट नगद तथा सुनका गरगहना समेत गरी १ लाख ५३ हजार रुपैयाँ बराबरको धनमाल मंगलबार दिउँसो चोरी भएको छ। यसैगरी काठमाडौं, कागेश्वरी मनहरा नगरपालिका ९ मानटार बस्ने सुनिता नगरकोटी गौतमको घरबाट नगद, सुनका गरगहाना ३ तोला तथा चाँदीको पाउजु १२ तोला समेत गरी करिब २ लाख ६२ हजार ६ सय रुपैयाँ बराबरको धनमाल मंगलबार दिउँसो चोरी भएको छ।

### धनमाल जलेर नष्ट

काठमाडौं। मोरङ र सुनसरीका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै आगलागीबाट करिब ४ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। मोरङ, उर्लाबारी नगरपालिका(७ स्थित चिउरा मिल बस्ने बेद प्रसाद शिवाकोटीको घरमा फ्रिजमा बिजुलीको तार सट भई मंगलबार दिउँसो आगलागी हुँदा घर पूर्णरुपमा जलेर करिब २ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

सुनसरी, दुहबी नगरपालिका(११ तनबुना साह टोल बस्ने महेन्द्र साहको भान्सा घरको चुलोबाट आगलागी भई नजिकै रहेको गोठमा समेत फैलिएर बुधबार बिहान आगलागी हुँदा भान्सा घर र गोठ जलेर करिब २ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

### सेफसहित २ पक्राउ

काठमाडौं। काठमाडौं महानगरपालिका(३२ पेप्सिकोला टाउन प्लानिङस्थित हर्षित बचत तथा ऋण सहकारीबाट भदौ २५ गते चोरी गरी लगेको सेफ सहित २ जनालाई सोमबार काँडाघारीबाट प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा रामेछाप दोरम्बा गाउँपालिका(४ ठेगाना भएका १८ वर्षीय सुनिल थापा मगर र सोही गाउँपालिका(७ ठेगाना भएका २१ वर्षीय दानबहादुर थापा मगर रहेका छन्। उक्त सहकारी संस्थाबाट फलामको ८५ केजी तौलको सेफ तथा उक्त सेफमा रहेको नगद ७ लाख ८९ हजार ९ सय ९२ रुपैयाँ र विभिन्न व्यक्तिका कागजात लगायतका महत्वपूर्ण सामान चोरी गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई खोजी गर्ने क्रममा सुनिल र दानबहादुरलाई उक्त चोरी गरी लगेको सेफ तथा सेफ फोड्न प्रयोग गर्ने फलामको रड, मोबाइल १ थान र नगद ५३ हजार रुपैयाँ सहित महानगरीय अपराध महाशाखा टेकुको प्रहरीले पक्राउ गरेको हो।

### दुर्घटनामा तीनको मृत्यु

काठमाडौं। चितवन, धादिङ र सुनसरीमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ। चितवन, भरतपुर महानगरपालिका(१ आँपटारीस्थित सडकमा ना.१ ज ५२९९ नम्बरको म्याजिक भ्यान अनियन्त्रित भई मंगलबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएका भ्यानमा सवार माडी नगरपालिका(४ सितलपुर बस्ने २२ वर्षीया निसा नेपालीको सरकारी अस्पताल भरतपुरमा उपचारको क्रममा मृत्यु भएको छ। म्याजिक भ्यान र चालकलाई प्रहरीले नियन्त्रणामा लिएको छ।

धादिङ, बेनिघाट रोराङ गाउँपालिका(३ स्थित राजमार्गमा बा.६२ प ७६५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकलमा सवार काठमाडौं कपन बस्ने ३२ वर्षीय बिजय नगरकोटीको उपचारका लागि काठमाडौंतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ। मोटरसाइकल र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सुनसरी, ईटहरी उपमहानगरपालिका(१३ खनार सोमबारेस्थित धरान( विराटनगर सडकखण्डमा मंगलबार बिहान को.१ ख २७४७ नम्बरको बसले साइकललाई ठक्कर दिँदा गम्भीर घाइते भएका साइकलयात्री मोरङ रतुवामाई नगरपालिका(७ बस्ने ३४ वर्षीय मंगल सिंह दमाईको कोशी अञ्चल अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ। बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### पेस्तोल सहित पक्राउ

काठमाडौं। विर्तामोड नगरपालिका(४ स्थित अनुल सारु मगरको कोठाबाट कटुवा पेस्तोल २ थान, गोली ४ राउण्ड, आर्थिक सहयोग सम्बन्धी पत्रहरु, परिपत्रहरु, विभिन्न माईन्युट बुकहरु, डायरीहरु, दस्तावेजहरु, सहयोग रसिदहरु, किताबहरु लगायतका विभिन्न सामाग्रीहरु सहित ३ जनालाई सोमबार प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा विर्तामोड नगरपालिका(४ डेरा गरी बस्ने मकवानपुर भिमफेदी गाउँपालिका(२ का २६ वर्षीय अनुल सारु मगर सहित विर्तामोड नगरपालिका(४ मेघाबारी चोक बस्ने झापा हल्दिवारी गाउँपालिका(५ का ४४ वर्षीय टिका पोखरेल र ईलाम माङसेबुङ गाउँपालिका(१ बस्ने मनिष भन्ने ३४ वर्षीय प्रविन मिश्र रहेका छन्।

गत भदौ २२ गते राति विर्तामोड नगरपालिका २ चारपानेमा शंकास्पद बस्तु विस्फोट भएको घटनाको अनुसन्धान गर्ने क्रममा १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर, जिल्ला प्रहरी कार्यालय झापा र ईलाका प्रहरी कार्यालय अनारमनिबाट खटिएको संयुक्त प्रहरी टोलीले उक्त घटनामा संलग्न रहेका टिका पोखरेल र प्रविन मिश्रलाई विर्तामोड नगरपालिका ४ मेघाबारी चोकबाट पक्राउ गरेको हो।

*स्रोत : प्रप्रका समाचार कक्ष)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Recalcitrant = लिंढे, अरुले भनेको टेरपुच्छर नलगाउने The parents are very unhappy about the recalcitrant attitude of their child ( छोराको लिँढे स्वभाव देखेर बाबुआमा ज्यादै दुखित छन्)

Salubrious = स्वस्थ, आरामदायी A valley situated in an altitude of more than 2000 mt. is salubrious even during the month of July and August (दुई हजार मिटरमाथि अवस्थित उपत्यका असार र श्रावणको धुपमै पनि आरामदायी हुन्छ)

Tenuous = दुब्लो, पातलो कमजोर, The present coalition might break any time as it is a tenuous tie (कमजोर गठबन्धन भएको हुँदा यो संयुक्त सरकार कुनै पनि बेला ढल्न सक्छ)

Unfettered = बन्धनबाट मुक्त हुनु, The terrible criminals if unfettered might break the jail (डरलाग्दा अपराधीहरूलाई जेलमा नै राख्दा पनि बाँधेर नराखेमा जेल फोडी भाग्न सक्छन्)

Veracious = सत्यपूर्ण, For having presented a veracious picture of the situtation, he was recommended for that postion (वास्तविक परिस्थितिको चित्रण प्रस्तुति गर्न सकेकोले नै त्यो पदको लागि उसलाई सिफारिस गरिएको हो )

Wary = ज्यादै सतर्क, As the enemies approached nearer, the defender grew wary (जति जति शत्रुहरू नजिक नजिक आए त्यतिनै रक्षकहरू सर्तक भए)

Yoke = जोड्नु, संयुक्त बनाउनु She was yoked to him in marriage against her will (तिनलाई उसंगको वैवाहिक सम्बन्धमा उनको इच्छा विपरित बाँधिएको थियो)

Zany = हाँसो उठ्दो, उरन्ठ्याउलो Everybody laughs at her zany haircut (उनको उरन्ठ्याउलो कपालकटाइको ढाँचा देखेर सबै हाँस्छन)

Abscond = समात्ला भन्ने डरले बेपत्ता हुनु The cashier absconded with five thousand dollar (पाँच हजार डलर लिएर खजाञ्ची बेपत्ता भयो)

Bolster = समर्थन वा जोड गर्नु To bolster his argument he presented all possible facts and figures (आफ्नो तर्कलाई बल पुऱ्याउन उसले सम्भव भएसम्म सबै सत्य तथ्य प्रस्तुत गऱ्यो)

## Set बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Set something up = जडान गर्नु How long does it take to set this machine up? यो मेसिन जडान गर्न कति समय लाग्छ ?

Set something up = गठन गर्नु The government has set up a committee to investigate the rape case बलात्कारसम्बन्धी घटनाको छानबिन गर्न सरकारले एक समिति गठन गरेको छ।

Set something up = खडा गर्नु A fund will be set up to support flood victim's families बाढी पीडितको सहयोगार्थ एक कोष खडा गरिने छ।

Set oneself up in = आफूलाई स्थापित गर्नु He has set up himself well in business उसले आफूलाई ब्यापारमा राम्रै स्थापित गरेको छ।

Set oneself up as somebody = कुनै रुपमा आफूलाई स्थापित गर्नु After a decade of hard work she has set herself up as celebrated actress दशकौंको कडा मेहनतपछि उनले आफूलाई प्रख्यात नायिकाको रुपमा स्थापित गरेकी हुन्।

Set back = दुर्भाग्य ब्यहोर्नु Already in the beginning the football team suffered a severe set back शुरुमै फुटवल टिमले दुर्भाग्य ब्यहोर्नु पऱ्यो।

Set book = तय गर्नु What are your set book for English ? अंग्रेजीको लागि तिमीलाई तय गरिएको किताव कुन हो ?

Set up = संरचना You have good organizational set up in your office तिम्रो कार्यालयको संगठनात्मक संरचना ज्यादै राम्रो छ।

Set against something = विरुद्धमा लाग्नु The business circle has set against government's new tax scheme ब्यापारिक वृत्त सरकारको नयाँ कर प्रस्तावको विरुद्धमा लागेको छ ?

Be set on to something = प्रतिवद्ध हुनु He is set on to study medicine ऊ चिकित्सा शास्त्र अध्ययन गर्न प्रतिवद्ध छ।

### सुडोकु-अंक १६८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ४ | ५ | | | | ६ | |
| | ३ | ७ | | ४ | | | | |
| ८ | | | | | | | | २ |
| | | | ८ | | | ५ | ३ | |
| | ८ | | | | | | १ | |
| | ९ | ५ | | | ७ | | | |
| ४ | | | | | | | | १ |
| | | | | ९ | | ६ | २ | |
| | १ | | | | २ | ८ | | ३ |

### अंक १६७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | ३ | ४ | ९ | १ | ६ | २ | ८ | ५ |
| ८ | १ | २ | ३ | ४ | ५ | ९ | ७ | ६ |
| ५ | ६ | ९ | ७ | ८ | २ | ३ | १ | ४ |
| ९ | ७ | ६ | ८ | २ | १ | ५ | ४ | ३ |
| १ | ५ | ८ | ४ | ९ | ३ | ७ | ६ | २ |
| ४ | २ | ३ | ५ | ६ | ७ | १ | ९ | ८ |
| २ | ८ | ७ | १ | ३ | ४ | ६ | ५ | ९ |
| ६ | ९ | ५ | २ | ७ | ८ | ४ | ३ | १ |
| ३ | ४ | १ | ६ | ५ | ९ | ८ | २ | ७ |

# शब्दचित्रमा प्रा.डा. भरतराज पहारी



**GENERAL PROFILE**
**PROF.DR. ENG. BHARAT RAJ PAHARI**
**Personal Profile**
Nationality : Nepalese

Date of birth/Place : BS 2018/8/15 (1961/11/30 AD), Pokhara, Nepal.

Professional experience : 36 years

Contact: E-Mail: bharatpahari@gmail.com; brpahari@ioe.edu.np
Tel: 9851108579
Permanent Address : Baidam, Pokhara-6, Nepal,

Parents : Narayan Dutta Pahari / Khageswari Pahari

Spouse : Shova Pahari

Children : Pragya/ Pratik/ Pritee Pahari

**Language proficiency :**

**Nepali**, Mother tongue (Excellent in every respect)

**Hindi,** Excellent in every respect

**English**, Higher Education Language (Excellent in every respect)

**German**, Good in writing, speaking and reading

**Japanese,** Communicative

**Academic Profile**
B.E. in Civil Engineering, IOE/TU Nepal
B.B.S. (Bachelor Degree in Business Studies), TU Nepal
M.Sc. in Civil Engineering (Building Energy), Cologne university, Germany
Ph.D. in Quality of Engineering Education, KU Nepal
Post Doctorate in Quality Management, University of Lyon, France

**Area of specialization**
Energy Efficiency in the Building
Policy Planning and Total Quality Management
Quality of Engineering Education and Quality Assurance System
Project Development, Implementation, Direction and Monitoring
Contract Management of Engineering Works
Quality and Quality Assurance in Engineering Education
Engineering Professional Practice and Engineering Ethics

**Special Interest**
Extensive involvement in professional and academic areas
Cooperation and coordination between academia and industry & profession
Energy planning and efficiency
Quality management
Quality of engineering education in professional practice
Teaching and Research works
Interest to work on community

**Professional career**
**Professor** of Civil Engineering
Institute of Engineering/Tribhuvan University
Director, Centre for energy studies, IOE/TU 2015-2018

Dean, Institute of Engineering TU, 2010 -2014

Chief, IOE consultancy services, 2007-2010

Member, IOE executive committee 2007-2010

Professor of civil Engineering TU, 2010 onward

Associate professor TU, 2005-2010

Lecturer TU, 2092-2005

Instructor TU, 1983-1992

Chairperson, Hotel Sarowar (P) Ltd., Pokhara, 2014 October onwards

Director, Dhanawantari SPA & wellness (P) Ltd., Kathmandu, 2016 September onward

Director, Ayena SPA & wellness (P) Ltd, Pokhara, 2017 January onward

Governing member, Nepal Engineering Council, 2009-2013

Chairperson, Amarawati Builders and Developers (P) Ltd, 2008-2010/ 2014 August on-ward

Managing Director, Amarawati Builders and Developers (P) Ltd, 2003-2008

**Social & Political Profile**
Political and social awareness & Awakening, 1971-1775
Involvement in student movement from 1975 onward
Extensively involved in social uprising of 1979-1980
Leadership and Management in social uprising of 1990-1991
Stayed in imprisonment for three months in 1990
Leadership and management in political movement of 2006-2007
Dedicated for the progressive transformation of Nepalese society
Leadership and management in engineering & academic professional areas

**Institutional Involvement**
**Governing Member**, Nepal Engineering Council from 2009 to 2013




**General Member-A (Civil)- No.1520**, Nepal Engineering Council

**Life Member-2160**, Nepal Engineers' Association

**Life Member**, Diploma Engineers' Association

**Life Member**, IOE Alumni Association

**Life Member**, ITT Alumni Association- Germany

**Life Member**, Nepal Red-Cross Society

**Life Member,** Nepal German Academic Association(NEGAAS)

**Secretary**, Nepal Overseers' Association, 1981-1983

**Central Advisor**, Nepal Overseers' Association, 1984-1985

**Secretary General**, Diploma Engineers' Association-Nepal from 1986 to 1988
**Member**, Senate of Tribhuvan University from July 1991 to June 1992
**President**, Free Students Union-IOE Pulchowk campus from 1988 to 1992
**Secretary General**, Nepal Engineers' Association from 2001 to 2003
**Vice President**, Federation of Engineering Institutions in South and Central Asia (FEISCA) from 2003 to 2007
**Council Member,** Professional alliance for peace and democracy(PAPAD) from 2009 July onward
**Member,** Human resource development council, Tribhuvan university 2010-2016

**Publications**
**Books**:

1. **Passive Buildings: concept & design,** A text book on energy efficient building design taught in B.E.(civil & Architecture) and M..E.(Civil & Architecture)

2. **Introductory Construction Management,** A text Book on Engineering Project Man-agement, taught in Diploma & B.E. (civil Engineering)

3. **Quality of Engineering Education,** a reference book for engineering students and policy makers, Lambert publication, Germany

4. **Fundamentals of Engineering Professional Practice,** A text book for B.E. and M.E. students

5. **Introducing quality Management,** A text book for engineering and management students

6. **Building Technology,** A text book for B.E. and M.E. civil engineering students

**Articles and Seminar Papers:** more than 150 Numbers of articles in national and interna-tional journals, Papers presented in Numbers of national and international seminar, con-ferences, workshops etc.

**General articles:** more than 200 Numbers of articles in national and international news papers/magazines on contemporary issues.

**Research works**
**Numbers of researches ongoing under following areas;**
Energy related researches

Quality of engineering education related research

Quality management

Academic researches

Problem based researches

**Thesis works**
Supervising numbers of master level thesis Supervising numbers of doctoral dissertations

**International Exposure**
Visiting Professor: Korea/ China/ Germany/ Sweden/ Norway/ Austria/ France
Visited countries:
Asia: India/Pakistan/Bangladesh/Sri Lanka/ Myanmar/ Vietnam/ Cambodia/ Thai-land/ Afghanistan/ Turkey/ Laos/ Indonesia/ Malaysia/ Singapore/ North Ko-rea/ South Korea/ Japan/ China/ Taiwan Australia: Australia/ New Zealand
Africa: Algeria/ Tunisia/ Egypt/ Morocco/ Libya /Kenya/ Sudan/ south Africa
North America: USA/ Canada/ Mexico
South America: Guatemala/ Costa Rica/ Nicaragua/ Chile/ Bolivia/Brazil/ Venezuela
Middle East: Qatar/ UAE/ Saudi Arabia/ Oman/ Kuwait/
Europe: Germany/ Holland/ Luxumburg/ Italy/ France/ Spain/Portugal/ Denmark/ Austria/ Sweden/ Finland/ Norway/ Russia/ Georgia/ Chech/ Slovakia/ Albania/ UK/ Belgium/ Greece/

2019-09-15

## राष्ट्रपति बहिष्कार

सामान्यत जनताका असन्तुष्टि पोख्ने माध्यम नै विरोध हो तर इन्द्रजात्राको दिन पैदल हिँड्ने, पत्रिका पढिरहने, पूजा सामग्रीसहित मठ मन्दिर धाउने, नेपाली ढाका टोपी दौरा सुरुवाल लगाएर हिँड्ने वृद्धहरूलाई समेत धरपकड गरी राज्य आतंक मच्चाइएको पाइयो, यो राज्य आतंक हो, सरकारको कायरपन हो ।

नेपालको वैभवता बोकेको इन्द्रजात्रामा होली वाइनमा दुबेको क्रिश्चियनहरूको मकसद पूरा गर्न ओली सरकार नाङ्गै तवरले लागी परेको छ भन्ने दृष्टान्त इन्द्रजात्राको मौलिक पहिचान जोगाउनुपर्छ भनेर आयोजक पक्ष राष्ट्रिय पहिचान संघर्ष समितिको आव्हानमा भाद्र २७ गते, शुक्रबार दिनको १:०० बजे जुद्ध समशेरको शालिक, भूगोल पार्कमा भेला हौं, देशको अस्तित्व जोगाऔं ! र मूर्त, अमूर्त सम्पदा प्रेमी नेपाली जनताले धर्म संस्कृति मानै अडेको छ, नेपालको अस्तित्व ! एक देशमा दुई राष्ट्राध्यक्ष, दुई वटा संविधान हामीलाई स्वीकार्य छैन ! सांस्कृतिक महत्वले भरिएको इन्द्रजात्रा (कुमारी जात्रा) को बेला नै राजालाई कुमारी माताबाट टिका लगाई दिएर फेरि अर्को वर्षको लागि पनि शासन गर भनेर अनुमोदन गर्ने विधि संसारमा कहिं पनि छैन भन्ने सन्देश दिन भेला हुन खोजेका सर्वसाधारण नागरिकहरूलाई इन्द्रजात्रा हेर्न बञ्चित गरियो । सो कार्यक्रममा ऐक्यवद्धता जनाउन पुगेका र मूर्त अमूर्त सम्पदा प्रेमी नेपाली जनताको स्वस्फूर्त सहभागीता जनाउन चाहने नागरिकहरूलाई असोभनिय पाराले जुन तरीकाले धरपकड गरियो त्यसले यो सरकार भित्रभित्रै गलिसकेको छ भन्ने प्रमाण देखियो ।

पक्राउमा परेका वृद्ध अशक्तहरू ७८ जनालाई छोडे तापनि राष्ट्रवादी राजनीतिक जनजागरण अभियानका संयोजक पारुहाङ्ग कुथुमी राई, कृष्ण खड्का आयोजक तर्फका रघुराज राजभण्डारी, नारायण अर्याल, शिव सेना नेपालका अध्यक्ष अनिल बस्नेत लगायत १० जनालाई अभद्र व्यवहार गरेको भनि मुद्दा चलाएको छ । नेपाल सरकारले आस्थाका बन्दीहरूलाई विना शर्त रिहा गर्नुपर्छ भन्ने पर्यवेक्षकहरूको माग छ ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

## संविधान...

स्वास्थ्यमन्त्री भने घुमघाम गर्न अमेरिका जाँदैछन् । मनाङ, जुम्ला हुम्ला मुगु लगायतका विकट पहाडी जिल्लामा खाद्यान्नको अभावले जनता भोकभोकै छन् । जीवनजल र सिटामोल समेत देख्न नपाउनु उनीहरुको नियति बनेको छ । लाखौं जनता भूमिहीन र आवासहीन छन् । देशभित्र रोजगारीको अवसर नभएका कारण दैनिक १५ सयको हाराहारीमा युवायुवतीहरु वैदेशिक रोजगारीमा गइरहेका छन् । हरेक दिन एकदेखि ३ जना युवाहरु विदेशबाट कफिनभित्र मृत अवस्थामा एयरपोर्ट आइरहेका छन् ।

युवाशक्तिको विदेश पलायनले गाउँघर शून्य छन् । वृद्धवृद्धाहरुको आश्रम बनिरहेको छ मुलुक । देशमा रहेका युवाहरु पनि कामविहीन अवस्थाले लागू औषधको कुलतमा फसिरहेका छन् । वृद्धाश्रम र सुधार केन्द्रहरु धमाधम खुलिरहेका छन् । संविधानले जस्तासुकै मौलिक हकको व्यवस्था गरे पनि वर्तमानको यथार्थता यही हो । संविधानमा स्वच्छ वातावरणको हक समेत उल्लेख छ । तर राजधानी काठमाडौंमै धूवाँ र धूलोका कारण मास्क लगाउन नागरिकहरु बाध्य छन् । सामाजिक न्यायको हक सामाजिक सुरक्षाको हक अन्तर्गत महिला, दलित, आदिबासी जनजाति मधेसी थारु, अल्पसंख्यक अपांगता भएका व्यक्ति, मुस्लिम, लैगिंक तथा यौनिक अल्पसंख्यक आर्थिक रुपले विपन्न खस आर्य भनेर उल्लेख गरिएको छ । तर संविधान प्रदत्त मौलिक हकमाथि शासकहरुबाट प्रहार हुने क्रम बढ्दो छ । कागजमा हक दिएर मात्र हुँदैन, त्यसले जनताको जीवनलाई छुनुपर्छ ।

विकास नीतिबारे संविधानमा भनिएको छ- सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागितामा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास हासिल गर्ने समाजवाद उन्मुख स्वतन्त्र, समृद्ध अर्थतन्त्रको विकास गर्ने तर देशको अर्थतन्त्र रेमिट्यान्सले धानिरहेको अवस्था छ । संघीयता धान्न विदेशीहरुसँग भिक्षा मागिरहनु परेको छ । १३ खर्ब बढी व्यापारघाटा पुगेको छ । एउटा नेपाली जन्मिँदै ३२ सय बढी ऋण टाउकोमा लिएर जन्मन्छ । देश विश्वकै भ्रष्ट देशहरुको सूचीको टपटेनमा दर्ज छ । गरिब झन् गरिब र धनी झन् धनी बन्दै जाने क्रम बढिरहेको छ ।

समाजवादको कल्पना गर्छ संविधान तर सरकार जमिन्दारहरुका हितमा भूमि विधेयक ल्याउँछ । शिक्षा, स्वास्थ्य लगायत सबै क्षेत्रमा माफियातन्त्रको जगजगी छ । देश हरेक क्षेत्रमा परनिर्भर बन्दै गएको छ । कृषिप्रधान देश भनिन्छ तर चामल आयात गरेर जनताले खाइरहनु परेको छ । अरु सामानको त कुरै छोडौं चीनबाट गुन्द्रुक र भारतबाट जनै समेत आयात हुनुले देशको आर्थिक चित्र प्रस्ट हुन्छ । वाइडबडी, ललिता निवास जग्गा, सिजी, एनसेल जस्ता भ्रष्टाचारका काण्डहरुमा शासकहरुको संलग्नताको पुष्टि हुनुले समाजवाद बेस्सरी हाँसिरहेको छ । जनतामा छाइरहेको असन्तुष्टिले राम्रो भनिएको संविधान हाम्रो हुन नसकेको यथार्थतालाई अस्विकार गर्न सकिँदैन ।

'फास्ट ट्र्याक विधिबाट जारी गरिएको नेपालको संविधान अझै सर्वस्वीकार्य हुन सकेको छैन । राजनीतिमा भूराजनीति अझै घुसिरहेको छ । देशको तराई मधेस भूभागले संविधानलाई हाम्रो भन्न सकिरहेको छैन । राज्य पुनःसंरचना आयोगले तयार गरेको १० प्रदेश र एक भौगोलिक प्रदेशको अवधारणालाई कार्यान्वयन नगरिएकोमा तराईबासीहरु लगायत आदिबासी जनजातिहरु असन्तुष्ट छन् । यो विषयलाई फेरि उठाईंदैछ र आन्दोलनको पृष्ठभूमि तयार गरिँदैछ । संविधान संशोधनको विषयले फेरि एकपटक उग्र रुप लिने संकेतहरु देखिँदैछन् । संविधान अपरिवर्तनीय दस्तावेज होइन । समय र जनमाग अनुरुप संविधान संशोधन हुने गर्छ । नर्वेको संविधान मात्र हो जो तीन सय वर्षदेखि असंशोधनीय रुपमा चलिरहेको छ । बाँकी विश्वका संविधानहरु संशोधन हुँदै अघि बढेका छन् । नेपालकै संविधान पनि जन्मिनासाथ संशोधन भइसकेको छ । अझै यो रोगी छ र अप्रेसन गर्नैपर्छ भन्ने आवाज उठिरहेको छ ।

नेपालको संविधानलाई छिमेकी मुलुक भारतले अझै समर्थन गरेको छैन । तर भारतले समर्थन गर्नु नगर्नुले खासै अर्थ भने राख्दैन । नेपाल एक स्वतन्त्र र सार्वभौम मुलुक हो । भारत प्रशासित कस्मिर होइन नेपाल । तर भारत नेपालको तराई भूभागलाई आफ्नो नक्साभित्र गाभ्ने योजनामा भने लागिरहेकै छ । नागरिकताको प्रावधानलाई अझै खुकुलो बनाउन लगाएर नेपाललाई फिजीकरण गर्ने र अन्त्यमा सिक्किमीकरण गर्ने भारतीय अभिस्टतामा त्यहाँको खुफिया एजेन्सी रअ अघि बढिरहेको छ ।

नेपालमा गणतन्त्र र संघीयता रअले नै ल्याएको रअका पूर्व अधिकारीहरुले खुलासा गरिसकेका छन् । रअले नेपालमा उलटपुलट ल्याउन मधेस केन्द्रित दलहरु र पछिल्लो समयमा नेपाली कांग्रेसभित्र समेत खेल्न थालेको छ । समाजवादी पार्टी (उपेन्द्रवाला) र राजपा (मधेसी दलहरुको एकीकृत स्वरुप) लाई एक बनाएर संविधान विरुद्ध उतार्ने नेपथ्यबाट रअले खेल खेलिरहेको छ । नागरिकतामा ०६३ कै प्रावधानमा कांग्रेसलाई उभ्याइसकेको छ ।

सरकारले पञ्चायती शैलीमै संविधान दिवस मनाउन उर्दी जारी गरेको छ । संविधान जारी हुँदा पहाडमा बत्ती बलेको थियो तराईमा ब्ल्याकआउट । संविधान स्वीकार गरेर मधेसी नेताहरु संसदभित्र प्रवेश गरेका छन् कोही मन्त्री भएर सत्ता सुख भोग गरिरहेका छन् तर यिनीहरु नै संविधान 'हाम्रो' नभएको भनिरहेका छन् । मधेसी नेताहरु यसरी द्वैध चरित्र देखाइरहेका छन् । अर्कोतर्फ विप्लव समूह संविधानकै विरुद्ध हतियार उठाउन खोज्दैछ । संसदीय व्यवस्थाको विकल्प दिने भन्दै संविधानलाई रद्दीको टोकरीमा फ्याँक्न खोजिरहेको छ । संविधानमाथि प्रतिगामी शक्तिहरु समेत खनिन थालेका छन् । धर्मनिरपेक्षता विरुद्ध अर्को आन्दोलन उठाउन खोजिँदैछ । यी सबै परिदृश्यले संविधान राम्रो तर हाम्रो हुन नसकेको पुष्टि गर्दैछ ।

## प्रचण्डको...

आउने प्रचण्डको यो नयाँ खेल हुनसक्छ । प्रचण्डको कारण नेपालबाट हिन्दुराष्ट्र हटाएर धर्मनिरपेक्ष राष्ट्र बनाइयो । त्यतिखेर त्यसैमा सबै दल सहमत हुन बाध्य भए । अब फेरि प्रचण्डले नै नेपालमा हिन्दुराष्ट्र अनि राजा ल्याउने सम्भावना छ ।

यही अवसरमा जनताको मत आफूतिर तान्न प्रचण्डले आफ्नो दाउपेच र शक्ति लगाउनेछन् । प्रचण्डको सबभन्दा ठूलो डर भनेको माओवादी द्वन्दको समयमा आफूले गरेका अपराधको लागि एक दिन अन्तर ाष्ट्रिय अदालत हेगमा पुऱ्याइने हो कि भन्ने छ । उनी अझै पनि युरोपियन युनियनसँगै भारतसँग आश्वस्त हुन सकिरहेका छैनन् । जस्ले माओवादीलाई नेपालमा गंणतन्त्र, धर्मनिरपेक्ष र संघियता स्थापना गर्न दबाब दिएका थिए । छिमेकी देश भारतमा जब गान्धी परिवारलाई पाखा लगाउँदै हिन्दुवादी प्रधानमन्त्री नरेन्द्र मोदीको उदय भयो । त्यसपछि नेपालमा हिन्दुवादीहरुको हौसलामा वृद्धि भएको छ ।

भाजपाको उद्देश्य नेपाललाई हिन्दुराष्ट्र बनाउने चाहना छ । जुन चाहना भारतमा भएका हिन्दुवादी जनताको चाहना पनि हो । त्यसका लागि मोदीले प्रचण्डको कमजोरीको फाइदा लिँदै उनलाई प्रयोग गर्न सक्छन् । केही दिनअघि भारतीय जासुसी संस्थाका प्रमुखले प्रचण्डसँग घण्टौं गोप्यवार्ता गरेपछि प्रचण्डको नेपालमा राजा फर्काउने कुरा बाहिर बढेर आएको छ । प्रचण्डको विशेष खुबी भनेको उनको भाषणले सबैलाई प्रभावित पार्न सक्छन् ।

पहिलो संबिधान बन्ने समयमा मोदीले आफ्नो प्रतिनिधिमार्फत नेपाललाई केही समय ढिला गरेर संविधान घोषणा गरियोस् त्यसपछि नेपाललाई हिन्दुराष्ट्र नै कायम राखियोस् भन्ने थियो । दोस्रो निर्वाचनको परिणामपछि भारतीय प्रधानमन्त्री पहिलाभन्दा सशक्त र निर्णायक अवस्थामा पुगेका छन् । त्यसैले भारतीय सत्ताधारी नेताको दबाबमा नेपालका नेता पर्नु ठूलो कुरा पनि होइन ।

भारतलगायत संसारभरका हिन्दुहरुले नेपाललाई हिन्दुहरुको प्रमुख तिर्थस्थल मान्छन् । प्रत्येक वर्ष लाखौं हिन्दु तीर्थयात्रीहरु पशुपतिनाथ, मुक्तिनाथ, स्वर्गद्वारी तथा जानकी मन्दिरलगायतका तीर्थस्थलहरुको दर्शन गर्न आउने गर्छन् । नेपाल हिन्दुराष्ट्र हुँदा भारतीय जनताको आस्था पनि बढ्नेछ । नेपालमा ९० प्रतिशत ओँमकार परिवार भएका हिन्दु तथा बौद्धमार्गी जनताले नेपालमा हिन्दुराष्ट्र भएकोमा आफूलाई गौरवान्वित ठान्ने गर्छन् । नेपालमा भएका मुस्लिमहरुले समेत नेपाल हिन्दुराष्ट्र भएमा आफूलाई सुरक्षित ठान्छन् ।

सरकारको अलोकप्रियताको फाइदा लिएर दुईतिहाईको फाइदा लिंदै प्रचण्डको पहलमा हिन्दुधर्म र सांस्कृतिक राजाको पुनर्स्थापनाको कार्यक्रम अघि बढेमा भारतसहितका छिमेकी राष्ट्रको सहयोग र समर्थन प्राप्त गर्न सक्नेछन् । जसले फेरि पनि केही समय जनतालाई आश्वास्त पार्न सफल हुनेछन् । जनता फेरि केही समय अलमलमा पर्नेछन् । नेपालका नेताहरुले व्यवस्था बदल्न सक्नेछन् तर देशलाई सुशासन हितको विकासको गति दिन कहिल्यै नसक्ने भए किनकि उनीहरु आफैं भ्रष्टाचारमा चुर्लुम्म डुबेर नवधनाढ्य बनिसके जसले गरिब जनताका हितमा कुनै काम गर्न सक्तैनन् जुन कुरा हामीले देखिसकेका छौं ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१२



खोमदत्त बराल

कहिले काही गाफ पनि गर्छन् र कैले त घामासन नै हुन्छ । यसरी हुँदा हुँदै महीला मनोबैज्ञान तीन जना लालाबालाका साथ श्रीमानजीको उपस्थिति छ । तर यस प्राणीसँग रमाइलो अनुहारको पोको फुकाइ दिने अलि कति लजाए जस्तो । यो छिपिएको मात्र होइन । पाकेको ज्यान ।

यी अबस्थाहरुलाई कसरी लिने सहज असहज स्वभाबिक के बुझ्ने यस्तो हुँदा उनका बिगतका समय उनका छोराछोरी पिताजीको संख्याको जोड घटाउ यी यस्ता कुराहरु हुन् बाटोको भेट । गाडीको क्षणकि आखाँखो झगडा के यसरी गहिरो गरी लिइ रहनु हुन्छ र । छोडिदिउ यात्रा यस्तै यस्तै हुन्छ । आजपनि यात्रालाई यतिमै छोड्नु पर्छ । यति धेरै एक अर्कालाई साथ दिएर सन्तान सिर्जना भएका छन् । एकले अर्कालाइ शंका गर्नु हुदैन पनि । तर लोग्ने मानिस अलि स्वार्थि हुन्छन् । छोरा छोरीले आमालाई गांजेका छुन्छन् । बाबु चाहिँ मोबाइलमा खेलिरहेको हुन्छ । कित सुत्छ मस्त निदाउँछ । आमा चाहिँ छोराछोरीले तीन तिर तान्दा र लछार पछार गर्दाको अबस्था लोग्ने मानिसलाई साँची नै थाहा हुदैन । आमा भनेको शहनशील सुशील नारी हुन् । कहीले जीउ माथि केटाकेटी चढ्छन् । छोरो स्वभाबिक रुपमा आफ्नो हक जनाउँन जान्दछ । हैकमको खानी आफैभित्र पालेर बसेको छ । आमाले सानी छोरीलाइ काखमा राखिन् । तर छोराले आफु बस्ने जिद्धि छोडेन । बाबु लमतन्न परेको छ । छोरा छोरी बसेको ठाउँ पार गर्दै उसका खुट्टा आमा बसेको ठाउँ वरिपरि पुगेको छ । सायद पल्लो सिटको जेठो चाहिँ साँची नै केही नाताकै हुनु पर्छ । श्रीमानका खुट्टा आफू नजिक आएको कारणले ती माइली अलि लजाइन् । श्रीमानका खुट्टा हटाउँनका बदला आफू अलि पर सरिन् । आफ्ना लुगा अनायस मिलाइन् । वास्तबमा पराइ मानिसका बिषयका कथा बनाउने र यथार्थ बिबरण पेश गर्ने लेखेको आशय होइन । लोग्ने मानिसले बस्दा, उढ्दा, हिड्दा, डुल्दा या यात्रामा उचित ब्यबस्थापन गर्न नजान्दा दुःख हुदो रहेछ । केटाकेटी निदाइ रहेछन् । श्रीमती पनि सुत्न चाहि रहेकी छन् । ब्यबस्थापन गर्न नसकेर समस्या भइरहेको छ । वास्तबमा यो पर्यटन बसमा ट्रेनको जस्तो स्लीपरको ब्यबस्था पनि छ । मैले जेठोलाई चाहिँ ए भाइ माथि स्लीपर खालि छ । लोग्ने स्वास्नी मध्ये एक एक छोरी लिएर सुते सजिलो भइ हाल्छ भन्ने ज्ञान थिए । त्यहि ज्ञानलाई प्रयोग गरेर जेठो र माइलाले त्यसै गरे । तर माइलाकी ठूली छोरी दश बाह्र बर्ष कि मात्रै होलीन् । तर उनि भने १२ बजे राति सम्म सुतेकि थिइनन् । तर हामी हिडि हालौं, कहाँ कसरी उत्रे माइली कहाँ उत्रिन ।

यी जेठो माइलो साइलोको किस्सा के मात्र हो भने एकै चोटी गाडिमा चढेर र उमेरको हिसाबले एकै दाजु भाइ नभए पनि के कसो नाता गोता अबस्य हुनु पर्छ । जे भए पनि आफ्ना छोरा छोरी र श्रीमतिजीको उचित ब्यबस्थापनको लागि लोग्ने मान्छेको अहं भूमिका हुनु पर्छ । बेबारिसे पाराले परिबार संचालन गर्ने प्रबृत्ति ठिक हुदैन । यसै गरेर एक अर्को जोडि मंगोलियन भाले र आर्यन पोथी यसै यात्रामा थिए । अरु पनि जोडी धेरै थिए । तर नजिक पर्नु नपरेकोले सबै चाल ढाल थाहा पाइएन । आग्रा देखि नयाँ दिल्ली सम्मको दुई सय किलोमिटरको यात्रा नाप्न रोयल ट्राभल नामको लफंगेबस लाई साडे आठ घण्टा लगायो । यसै गरी ड्राइभरले ढिलो गर्छ र यात्रुले दुःख पुऱ्याउँछ भनेर थाहा पाएको भए साहू भनौदो पचास बर्ष पुगेर पनि कुण्डली लगाउने ह्याके साहू संगैं बार्ता गर्ने थिए र भन्ने थिए । एक्काइसौं सताब्दीको साहू यसरी यात्रुलार्य मूर्ख बनाएर दुःख दिएर र सधै सधै शोषण गर्न पाइदैन । तिम्रा मानिसहरुलाई ठिक सँग चलाउँन सुरु गर्नु पर्छ । मानिसले सहदैनन् । सत्रौ सताब्दीमा नै जनतालाई अनादर गर्ने लुई शासकहरुलाई घाँस खुवाएका थिए । आजकल पनि दुनियाँका तानाशाहहरुलाई लिबिया सिरिया यमेन र मीश्रबाट हटाइ सकेको कुरा जान्ने बुझ्ने कोशिष गर्नु पर्छ भनेर चिथोर्ने थिए । साडे चार बजेको भनेर टिकट काट्ने र पाँच बजे हिड्ने बजार एरिया काट्नलाई ३ घण्टा लगाउने साहूहरु हो अब तिमीहरुको दिन दुनियाबाटै सकिदै छ । सचेत होउ मानबिय मूल्यलाई अनादर नगर । *(क्रमशः)*

## घूस लिने...

पैसा लिएर काम गरिदेउ भन्ने प्रवृत्ति त्याग्न सक्नुपर्छ । पैसा सानो होस्‌द्द या ठूलो आखिरी घूस दिने काम राम्रो होइन । सरकारी कार्यालयमा कुनै पनि काम गर्न जाँदा पहिला आवश्यक कागजात सबै पूरा गरेर काम जाने अनि काम भएन भने आफूले नियमसंगत तरिकाबाट कुरा गर्न सकिन्छ । त्यसैले कमजोरी हामीमा पनि छ भन्ने कुराको महसुस हुन जरुरी छ । पहिला आफैं पैसा दिएर बानी पार्ने अनि पछि भ्रष्टाचार गऱ्यो भन्ने जस्ता पद्धतिको अन्त्य हुनुपर्छ ।

घूस लिने मान्छेलाई जति नै कारवाही घूस दिने मान्छेलाई पनि हुने व्यवस्था हुनु पर्छ । ठूला ठूला भ्रष्ट्रचार गर्नेहरुले पनि सानोबाट नै सुरुवात गरेका हुन सक्छन । सानो रकम बुझ्दा बुझ्दै बानी हुन्छ अनि पछि ठूलो रकम बुझेर मात्र काम गर्ने भएपछि भ्रष्ट्रचारमा पर्ने हुन्छ । त्यसैले चाहेको ठाउँमा सरुवा मिलाउन, आफन्तलाई जागिर लगाउन, आफ्नो काम छिटो गर्न, आवश्यक कागजात अधुरो ल्याएर काम गराउने लगायतका विषयमा घूस दिने प्रवृत्तिले गर्दा अहिले भ्रष्ट्रचार मौलाइरहेको हो ।

ठूला ठूला रकम लिनेलाई मात्र समातेर भ्रष्ट्रचार घुसखोरीको अन्त्य हुँदैन । घुसखोरी र भ्रष्ट्रचारको अन्त्य गर्न यसलाई जरैदेखि उखेर फाल्नका लागि विभिन्न बहानामा गोजीमा खुसुक्क पैसा राखिदिने प्रवृत्तिलाई स्थानीय तहको वडादेखि नै उखेलेर फाल्नुपर्छ । माथिल्लो तहमाभन्दा स्थानीय तहमा घूस दिने कारोवार धेरै हुन्छ । यसलाई अन्त्य गर्न आम नागरिकले काम गराउने भन्दै कर्मचारीको गोजीमा पैसा राखिदिने प्रवृत्तिलाई अन्त्य गर्न सक्यो भने भ्रष्टाचार निर्मूल गर्न सहयोग हुन्छ ।

हामी आम जनमानसले बुझ्न जरुरी छ कि नियम अनुसार सबै प्रक्रिया पूरा गरियो भने पैसा दिने जरुरत नै पर्दैन । प्रक्रिया पूरा गरेर पनि पैसाको बार्गेनिङ हुन्छ भने सम्बन्धित निकायमा उजुरी गर्न सकिन्छ वा माथिल्लो निकायमा गुनासो गर्न सकिन्छ । हरेक निकायमा गुनासा सुनुवाइ हुने पद्धतिको विकास भइरहेको छ । यसलाई हामीले सकरात्मक रुपमा लिन सक्नुपर्दछ । जुनसुकै बहानामा जोसुकैलाई पनि पैसा दिएर काम गरिदेउ भन्ने कुरा राम्रो होइन । त्यसैले देशमा भ्रष्टाचार मौलाउनुमा हाम्रो पनि दोष छ ।

देशलाई कङगाल बनाउनमा हाम्रो पनि कमजोरी छ । किनभने यहाँ त भ्रष्टाचार गरेर एउटा व्यक्तिले सात पुस्तालाई पुग्ने सम्पत्ति जोहो गर्दागर्दै देश कङगाल भइसक्छ । अनि कहाँ हुन्छ देश धनी ? यसरी घूस दिने बानीले केही व्यक्तिहरुको अनुहार त चिल्लो हुन्छ तर देशको अनुहार कहिलै पनि चिल्लो हुँदैन । अनि गरिबीको खाडल झन् बढदै जान्छ । त्यसकारण कुनै पनि बहानामा घूस दिने काम हामी आम नागरिकले बन्द गरौं र काम नभएर प्रक्रियागत रुपमा वहस तथा छलफल गर्ने बानीको विकास गरौं अनिमात्र हाम्रो परिपक्वता झल्किन्छ । यसले घुसखोरी प्रवृत्तिको अन्त्य हुन्छ ।

## दशगजामै...

दुवै देशका सुरक्षा अधिकारीको सीमा बैठकमा समेत दशगजा अतिक्रमण गर्न नदिने विषयमा बहस हुँदै आएको छ ।

जिल्लाको पूर्वी क्षेत्र राजदेवी नगरपालिकाको ब्रहमपुरीदेखि पश्चिम आरैयासम्मको दशगजा क्षेत्रका अधिकांश स्थानमा स्थानीयले अतिक्रमण गरी उपभोग गरेका छन् । प्रमुख जिल्ला अधिकारी किरण थापाले दुवै देशका नागरिकबाट दशगजा मिच्ने काम भएको बताए । 'दशगजा मिच्नेलाई हटाउन त सकिएला,' उनले भने, 'तर सबैभन्दा ठूलो समस्या भनेको पिलर मासेर बाँध निर्माण गर्ने काम हुन थालेपछि समस्या बढेको छ ।' राजदेवी र इशनाथ नगरपालिकासित सिमाना जोडिएको क्षेत्रमा भारतीयले दशगजाको बीचमा गाडिएको पिलरसम्म अतिक्रमण गरी खेती गरिरहेका छन् ।

बन्जारा क्षेत्रमा दशगजामै बजार लाग्ने गरेको छ । यहाँ दसैंका बेला दुवै देशका नागरिकले संयुक्त रूपमा दशगजामै मेला लगाउँछन् । अन्तर्राष्ट्रिय कानुनअनुसार दशगजा क्षेत्र सय मिटर दायाँ र बायाँ कुनै पनि काम गर्न पाइँदैन । परराष्ट्र मन्त्रालयका प्रवक्ता भरतराज पौड्यालले 'अन्तर्राष्ट्रिय प्रावधान र नियमअनुसार दशगजा क्षेत्रमा घर वा कुनै निर्माण संरचना बनाउन नमिल्ने' बताए । 'यदि त्यस्तो स्थिति देखिएमा दुवै देशका सिमाना अनुगमन मामलाका अधिकारीले अनधिकृत रूपमा बनेका संरचना हटाउने छन्,' उनले भने ।

राजदेवी सिमानामा रहेको ३४३ नम्बर मुख्य पिलरदेखि पूर्वको जमिन भारतीयले अतिक्रमण गरी खेती गरिरहेका छन् । यता नेपालीले समेत दशगजा क्षेत्रमा साना झुपडी बनाई केही स्थानमा मदिरा पसल सञ्चालन गरिरहेका छन् । अतिक्रमणकै कारण सीमास्तम्भहरू हराउने र जीर्ण हुँदै गएको स्थानीयको भनाइ छ ।

वाग्मती नदीदेखि पश्चिम क्षेत्रको दशगजामा भारतीयले एक पक्षीय ढंगले बाँध निर्माण गरी त्यहीमाथि घर बनाएर फर्निचरको व्यापार गर्दै आएका छन् । हनुमान मन्दिर पनि बनाएका छन् । नेपालीले बाँध भत्काउँछन् भनेर मन्दिर बनाएको स्थानीयको बुझाइ छ । नेपाल र भारत दुवै देशले दशगजा जोगाउन उच्चस्तरीय टोली गठन गरी अतिक्रमण भएको क्षेत्र खाली गराउनुपर्ने मेयर सन्तोष मेहताले बताए ।

अन्तर्राष्ट्रिय सिमाना दसगजा लामो समयदेखि सीमा क्षेत्रका स्थानीयले मिचेर निजी प्रयोग गरिरहेकाले यसलाई पूर्ण रूपमा सुरक्षित राख्नका लागि दुवै देशका उच्च निकायको ध्यान जान जरुरी छ । सीमा क्षेत्र छुट्ट्याउन बनाइएका पिलरसमेत जीर्ण छन् ।

दशगजामा बस्दै आएका बन्जाराहाका जाकिर आलमले दशगजा उपभोग गर्न नपाइने प्रावधानबारे थाहा नभएको बताए । 'मैले घर बनाएको ५ वर्ष भइसक्यो, दशगजामा घर बनाउनु हुँदैन भन्ने थाहा थिएन,' उनले भने, 'आफ्नो जग्गा छैन । दशगजाबाट हट्नुपरे हटौंला ।' रौतहट जिल्लाअन्तर्गत ३२ किमि खुला सीमामा मुख्य १५, सहायक २९ र साना ११५ गरी १६२ पिलर छन् । सानो र मुख्य गरी १७ वटा पिलर हराइसकेको प्रशासन कार्यालयले जनाएको छ ।

## दलका...

इमरानको सत्ताआरोहण सेनाकै इच्छामा भएको हो । भारतमा सेना पूर्णरुपले सरकार निर्देशित छ, सेना व्यापारमा छैन र भारतीय लोकतन्त्रमाथि कहिल्यै खतरा उत्पन्न भएको छैन । एउटा विशुद्ध व्यावसायिक संस्था लाभका पछि दौडियो भने देश र जनताको दुर्गति हुन्छ भन्ने उदाहरण हुन् यी ।

नेपाली सेनाभित्रका भ्रष्टाचारहरु सतहमा देखिने गरे पनि त्यसलाई गुपचुप राखिँदै आएको थियो । राजेन्द्र क्षेत्री सेना प्रमुख हुँदा उनले भ्रष्टाचारद्वारा अकुत सम्पत्ति कमाएको कुरा सञ्चार माध्यममा जोडतोडले उठे पनि त्यो पानीको फोका जस्तै बिलाएर गयो । सेनाले खन्ने बाटो, सञ्चालन गरिरहेको पेट्रोलपम्प र सैनिक जवानहरुको शान्ति सेनाको रकम, जहाज बन्दुक गोलीगठ्ठा लगायत अन्य सैन्य सामग्री खरिद र राशन ठेक्कामा समेत भ्रष्टाचार हुने गरेको बताइन्छ । सेना प्रमुख थापाले भ्रष्टाचार समाप्त गर्ने जुन घोषणा गरेका छन् त्यसले सेनाको समप्त संरचनागत सुधारमा सम्बोधन गर्ने अपेक्षा गर्न सकिन्छ । सेनाका जवान र सकल दर्जाको सुविधामा बढोत्तरी गर्ने सेना प्रमुख थापाको निर्णयले सम्पूर्ण सेनिकको मनोबल अवश्य बढाएको छ । सेना नेपाली समाज र संवैधानिक व्यवस्थाभन्दा बाहिर छैन भन्ने सन्देश पनि सेना प्रमुख थापाको कदमले दिएको छ ।

सेना प्रमुख थापाले सेनाको आर्थिक कारोबारलाई पारदर्शी गर्ने प्रतिबद्धतासँगै राजनीतिक दलका भ्रष्ट नेताहरुको भने सातो उडेको छ । हवाई छाप चप्पल पड्काउँदै गोल्डस्टार जुत्ता लगाउँदै सिंहदरबार छिरेका नेताहरुको अहिलेको विलासी जीवनशैलीले कुनै तिलस्मी कथाको झझल्को दिन्छ । गाउँमा पराले झुपडीमका मुन्टो लुकाउने नेताहरुले राजधानीमा आलिसान महल जोडेका छन्, साइकल समेत चढ्ने हैसियत नभएका नेताहरु प्राडो र पजेरोमा शयर गरिरहेका छन् । राजनीतिलाई सेवा होइन व्यवसाय बनाएका छन् नेताहरुले । महँगा गाडी चढ्ने र सिसाका टल्किने महलमा बस्ने हैसियतमा कसरी पुग्छन् नेताहरु ? तिनका छोराछोरी लण्डन, अमेरिका, क्यानडामा पढछन्, महँगो फि कहाँबाट ल्याएर तिरिरहेका छन् ? नेता पत्नीहरु सुनका हार र बाला लगाएर लच्किँदै रवाफसाथ हिँडिरहेका छन् । राजनीति गर्नेको तलब कति हुन्छ र यस्तो शान वैभव सम्भव छ । विदेशी बैंकहरुमा समेत रकम जम्मा गर्ने स्रोत के हो नेताहरुको ? अब खोजी हुन थालेको छ । राजनीतिक दलका सम्पूर्ण नेताहरुले सेना प्रमुख थापाको जस्तै सम्पत्ति विवरण सार्वजनिक गरेर नैतिकता देखाउन सक्छन् ?

## महाकविको...

पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, मालपोत कार्यालय, नापी र गुठी कार्यालयका प्रतिनिधि सदस्य छन् । कविकुञ्ज पशुपति महागुठीअन्तर्गत पर्छ । जग्गाको रकम गुठी र देवकोटा परिवारलाई आधाआधाका दरले उपलब्ध गराइने भएको छ । महाकवि देवकोटाले आफ्नो नाममा रहेको घर छोरी मीरा देवकोटाका नाममा गरिदिएका थिए । छोरी मीरा पनि दिवंगत भइसकेकाले जेठा छोरा प्रा.डा. पद्मप्रसादका नाममा नामसारी गरी संस्कृति मन्त्रालय मातहत ल्याइएको छ । जेठा छोरा अमेरिका र कान्छा दीपकप्रसाद अष्ट्रेलियामा बस्दै आएका छन् । संस्कृति मन्त्रालयबाट जग्गालाई प्रज्ञा -प्रतिष्ठानका नाममा ल्याउने प्रक्रिया शुरु भएको प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीले बताए । उनले अबको एक वर्षभित्र निर्माण सम्पन्न गरिने बताए । संग्रहालयमा लक्ष्मीप्रसाद देवकोटासँग सम्बन्धित विभिन्न सामग्री, साहित्यिक कृति, उहाँका अडियो भिडियोसहितका प्रवचन, विभिन्न तस्बिर राखिने कुलपति उप्रेतीले बताएका छन् ।

## महाकविको...

सो नाटकका कलाकारहरुमा शिशिर तामाङ, रविन्द्र धिताल, कुशल क्षेत्री, सोनी तामाङ, सपना तामाङ, सबिना तामाङ तथा सूत्राधार प्रशान्त काफ्ले रहेका थिए भने सो नाटक करिब १७० जना छात्रछात्राहरुको बीच सोही स्कुलमा प्रदर्शनी गराइएको थियो । यस्तै सो कार्यक्रमको मुख्य संयोजक विद्यालयका भाइस प्रिन्सिपल श्री विजय मिश्र रहनुभएको थियो ।

## अपर...

राष्ट्रघात तत्काल सच्चिनुपर्नेमा मैनालीले जोड दिनुभयो । त्यसैगरी उहाँले नागरिकताका विषयमा समेत गम्भीर विचार व्यक्त गर्दै नेपाल भारत सीमा अनुगमनको व्यवस्था नभएसम्म नागरिकता समस्या हल नहुने बताउनुभयो । उहाँले एक हातमा सिन्दुर र अर्को हातमा नागरिकता बोकेर विदेशी चेलीलाई विवाह मण्डपमै नागरिकता भिडाउने परम्परा रोकिनु पर्नेमा जोड दिनुभयो । सरकारले राष्ट्रियता, प्रजातन्त्र, समाजवादको खोक्रो नारा घन्काएको तर काम भने राष्ट्रघाती जनघाती गरिरहेको उहाँले बताउनुभयो ।

देशभक्त जनतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले अपर कर्णालीमा भएको राष्ट्रघात तत्काल सच्याउनुपर्छ भन्नुभयो । जीएमआर जस्तो टाट उल्टिएको भारतीय कम्पनीलाई कमिसनको लोभमा परेर अपर कर्णाली सुम्पिने राष्ट्रघातीलाई जनताले क्षमा नदिने बताउनुभयो । ४ हजार एक सय असी मेघावाटको अपर कर्णाली क्षमता घटाएर नौ सय मेघावाटको बनाई जीएमआरलाई सुम्पिने राष्ट्रघाती कदमको सम्पूर्ण जनताले एकजुट भएर विरोध गर्नुपर्छ र अब अपर कर्णाली नेपाली जनताले आफैं बनाउने छन् भन्नुभयो ।

पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराईले अपर कर्णाली अब तामाकोशी मोडेलमा नेपालीले आफैं बनाउनुपर्छ भन्नुभयो । राष्ट्रिय जागरण परिषद्का अध्यक्ष साध्यबहादुर भण्डारीले गिरिजा र सुशील कोइरालाले गरेको राष्ट्रघातलाई टेकेर थप राष्ट्रघात सरकारले नगरोस भन्नुभयो । अर्बौं ऋणमा फसेर टाट उल्टिएको जिएमआरलाई अपर कर्णाली ओगटेर राख्ने कुनै औचित्य नभएको उहाँले बताउनुभयो । नेपाली जनता आफैंले १० वर्षमा बिजुली निकाल्न सक्ने दाबी उहाँले प्रस्तुत गर्नुभयो । कार्यक्रममा जनसमाजवादी पार्टीका अध्यक्ष सुवासराज काफले, माथिल्लो कर्णाली बचाउका अध्यक्ष भरत शाही र नेकपा माओवादी तथा राष्ट्रिय जनमोर्चाका नेताहरुले पनि सम्बोधन गर्नुभयो ।

## आर्ट अफ लिभिङ

काठमाडौं । काठमाडौं जिल्लाको गोकर्णेश्वर नगरपालिका गोकर्णमा अवस्थित उत्तरबाहिनी बोर्डिङ स्कुलमा आर्ट अफ लिभिङको कक्षा सफलतापूर्वक सम्पन्न भयो । आर्ट अफ लिभिङकै प्रशिक्षक गुरु कञ्चन घिमिरेले सञ्चालन गर्नुभएको सो कक्षामा सहभागी विद्यार्थीहरुलाई परीक्षामा कसरी सफल हुने, स्मरण शक्ति कसरी बढाउने, आमा बाबुले छोराछोरीप्रति कस्तो आशा गरेको हुन्छ, छोराछोरीले आमाबाबुप्रति कस्तो व्यवहार गर्नुपर्छ ? भन्ने जस्ता कुराहरुको विषयमा आवश्यक जानकारी प्रदान गर्नुभएको थियो भने सो कक्षामा सोही विद्यालयमा अध्ययनरत कक्षा ८,९ र १० का गरी करिब ५० जनाको सहभागिता रहेको थियो । कार्यक्रमको संयोजन सामाजिक अभियन्ता सुशील आचार्यले गर्नुभएको थियो ।